# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा देश विकासको पूर्वाधार हो । समय सापेक्ष गुणस्तरीय शिक्षाको प्रभावकारी प्रयोगले देशको आर्थिक तथा सामाजिक विकास भई मानिसको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । शिक्षा प्रदान गर्न सकिने विभिन्न आधारहरूमा संस्थागत आधार औपचारिक शिक्षा पनि एक हो । जसलाई विश्वभरी नै व्यापक रूपमा प्रचालनमा ल्याइएको पाइन्छ । उचित शिक्षाले सामाजिक परिवर्तनमा सकारात्मक भूमिका खेल्दछ । यसर्थ शैक्षिक संस्थाहरूको वर्तमान प्रभावकारिताले समाजको समेत प्रतिनिधित्व गरिरहेको हुन्छ । उचित शिक्षाले योग्यता निर्धारण गरिदिन्छ । योग्य नागरिक समाज तथा राष्ट्रको हितका लागि प्रर्याप्त मात्रामा योगदान दिन सक्छन् । यस सन्दर्भमा शिक्षा कुनै पनि राष्ट्रको लागि मेरुदण्ड मानिन्छ (शर्म, २०५७) ।

शिक्षण ज्यादै जटिल र चुनौतीपूर्ण कार्य हो । त्यसैले शिक्षणहरूमा उच्च ज्ञान, शिक्षण, कौशल, शिक्षण सामग्रीहरूको निर्माण र प्रयोग गर्ने क्षमता, अध्ययनशीलता र नयाँ नयाँ प्रविधिहरूको प्रयोग गर्ने क्षमता हुनु जरुरी छ तर यतिमै सीमित भएर पुग्दैन । सहिष्णुता धैर्य, परिश्रम गर्ने बानी र सेवाको भावना समेत हुनुपर्दछन् । शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीहरूले व्यवहारिक शिक्षा हासिल गर्दछन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनबाट विद्यालयमा विद्यार्थीहरूलाई घोकाउने प्रवृत्ति विस्तारै हट्दै गएको कारणले पनि शैक्षिक सामग्री उपलव्ध गराउन जोड दिइएको हो र यसको प्रयोगबाट क्रियाकलापयुक्त अध्यापन व्यवहारमा आएको छ । शिक्षकले कक्षामा अनुकुल वातावरण सृजना गरी अध्यापन कार्य सफल पार्न विषयअनुसारका शैक्षिक सामग्री प्रयोग गर्न अति आवश्यक छ (सेरिड, २०६०) ।

शैक्षिक सामग्रीभन्दा कुनै पनि सामग्रीलाई लिन सकिन्छ । जसको प्रयोगबाट विद्यार्थीले सिकेका कुरा उनीहरूको मनमा चिरस्थायी रहन मद्दत होस् । उनीहरू सार्थक र व्यवहारिक ज्ञान प्रष्ट गरुनु, सृजानात्मक प्रतिभाको विकास गर्न सकून् ।

शिक्षण सिकाई प्रक्रियाको मुख्य अभिप्राय भनेको शिक्षण योजनाको उद्देश्य प्राप्त गर्नु हो । निश्चित उद्देश्यप्राप्त गर्नका लागि कक्षाकोठा भित्र शिक्षक र विद्यार्थीहरूबीच हुने अन्तर्क्रियाबाट प्राप्त हुने अनुभव शिक्षण सिकाई हो । त्यसैले शिक्षण सिकाई क्रियाकलापमा शिक्षक विद्यार्थी

विद्यालयका सुविधा अन्तर्गत कक्षाकोठा व्यवस्थापन शैक्षिक सामग्रीको व्यवस्थापन आदिले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । विषयवस्तुको प्रकृति सिकाएको रुची र क्षमताको आधारमा पाठको उद्देश्य अनुसार शैक्षिक सामग्रीको व्यवस्थापनमा सुधार  गर्नुपर्दछ (अधिकार, २०६७) ।

शैक्षिक सामग्री भन्नाले शिक्षण कार्यलाई सहज बनाउन सहयोग गर्ने साधन हो । शिक्षाको लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न विषयवस्तुसँग सम्बन्धित कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा प्रयोग गरिने स्रोत साधन नै शैक्षिक सामग्री हो । शैक्षिक सामग्री शिक्षण सिकाई क्रियाकलापको आकर्षक मात्र होइन, यसको प्रयोगले कक्षा सञ्चालन एवम् विषयवस्तुको प्रस्तुतिलाई अर्थपूर्ण र ज्ञानवर्द्धक पनि बनाउँछ । कुनै पनि शैक्षिक उद्देश्यहरू हासिल गर्नका लागि शिक्षकलाई कक्षा कोठामा अध्ययन अध्यापन गर्नका लागि विद्यार्थीको शिक्षण सिकाइ प्रभावकारी होस् भनी सहयोग पुऱ्याउने सबै किसिमका मुद्रित, श्रव्य र श्रव्यदृष्य उपकरणहरूलाइ शैक्षिक सामग्री भनिन्छ । विषय वस्तुलाई रूचिकर, सरल, ज्ञानवर्धक, आकर्षक, मनोरञ्जनात्मक तथा प्रभावकारी ढङ्गले शिक्षण गर्न शैक्षिक सामग्री ज्यादै महत्त्वपूर्ण मानिन्छ (अधिकारी, २०७०) ।

शिक्षण सिकाइमा प्रभावकारीता ल्याउन शिक्षकले पाठ्क्रम अनुसार र पाठयोजनाअनुसार कक्षा कोठामा प्रयोग गर्न सकिने सबै खाले सामग्रीहरू शैक्षिक सामग्री मानिन्छन् । शैक्षिक सामग्री शैक्षिक उद्देश्य प्राप्तीका लागि शिक्षकद्वारा कक्षा कोठामा विद्यार्थीहरू वीच प्रदर्शन र प्रयोग गरिन्छन् । यसर्थ शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीहरूलाई सरल र सहज ढङ्गबाट ज्ञान हासिल गर्न सहयोग पुऱ्याउने हुनुपर्दछ । यसका लागि शैक्षिक सामाग्रीहरूको संकलन, निर्माण, प्रयोग तथा पुनः प्रयोगका लागि भण्डारण कार्य समेत गर्न सजगता अपनाउनु पर्दछ ।

शैक्षिक उद्देश्यहरू परिपूर्ति गर्ने क्रममा शिक्षकलाई कक्षामा अध्ययन अध्यापन गर्न स्पष्ट धारणा विकसित गराउन सहयोग पुऱ्याउने सबै किसिमका श्रव्य र दृष्य उपकरणहरूलाई शैक्षिक सामग्री भनिन्छ । कुनै पनि विषय वस्तुलाई रूचिकर, ज्ञानवर्द्धक, सरल, आकर्षक, मनोरञ्जनात्मक तथा प्रभावकारी ढङ्गले शिक्षण गर्न शैक्षिक सामग्री अति आवश्यक हुन्छ ।

शैक्षिक सामग्रीको आवश्यकतालाई कमेनियस, रुसो, फ्रोबेल, पेस्तालोजी जस्ता विद्धानले निकै जोड दिएका छन् । आजको विज्ञान र प्रविधिको विकास भइसकेको विश्वमा शिक्षण सिकाइ कार्यमा विना शैक्षिक सामग्रीको शिक्षण नुन विनाको अचार सावित हुन्छ । यस कुराबाट पनि शैक्षिक सामग्रीको महत्त्व प्रष्ट हुन्छ ।यसरी शिक्षण सिकाइ कार्यलाई अर्थपूर्ण र उद्देश्यमूलक बनाउन शैक्षिक सामग्रीहरूले सहयोग पुऱ्याउँदछ । म सुन्छु, म विर्षन्छु, म देख्छु, म सम्भन्छु, म गर्छु, म

जान्दछु भन्ने कुराले पनि शैक्षिक सामग्रीलाई नै बढि जोडदिएको पाइन्छ । विद्यार्थी मूल्याङ्कन कार्य र सारांश दिन पनि शैक्षिक सामग्रीको उपयोग गर्नु पर्ने हुन्छ । कागज, कलम, परीक्षापद्धतिको अलवा नियमित र निरन्तर मूल्याङ्कन पद्धतिलाई जोड दिन पनि शैक्षिक सामग्रीको उपयोग गर्नु पर्दछ । शैक्षिक सामग्रीको माध्यमद्वारा व्यवहारीक शिक्षा हासिल गर्दछन् (निउरे, २०७०) ।

शिक्षाको केन्द्रविन्दु नै विद्यार्थी भएकाले शिक्षकले कक्षामा अनुकूल वातावरण सृजना गरी अध्यापन कार्य सफल पार्न विषय अनुसारका विभिन्न प्रकारका शैक्षिक सामग्री प्रयोग गर्न अति आवश्यक छ । त्यस्तै शिक्षकलाई एउटा कला र विद्यार्थीलाई एउटा कलाकारको रूपमा हेर्दा एउटा कलाकारले रंगमञ्चमा कला प्रदर्शन गरे जस्तै शिक्षकले पनि आफ्नो खूवी र हाउभाउद्वारा विद्यार्थीलाई प्रभाव पार्न सक्नुपर्दछ । कक्षाकोठाको प्रस्तुतिकरणमा शब्द मात्रको प्रयोगभन्दा श्रव्यदृष्यात्मक शैक्षिक सामग्रीको प्रयोग कलिला बालवालिकालाई बढि रूचिकर हुन्छ ।

शिक्षासम्बन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन (२०५५) अनुसार शिक्षाको गुणस्तर अझ पनि उकासिनु नसक्नु  विभिन्न कारकतत्त्वहरूमध्ये योग्य, सक्षम, तालीम प्राप्त र कामप्रति झुकाव भएका शिक्षकहरूको कमी हुनु पनि एक हो । आफूले सीकेका सीप, जानेका कुराहरू, प्लासकार्ड, फ्लाटिन बोर्ड, जीयोबोर्ड, पाकेट चार्ट, गोजीपात्रो आदि सामग्री प्रयोग गरेर शिक्षण गरेमा शिक्षण सिकाई प्रक्रिया हुन जाने कुरामा दुइमत छैन । शैक्षिक सामग्रीको प्रयोग उचित समयमा उचित प्रयोग हुन सक्नुपर्दछ । यदि त्यसो भएन भने त्यसको केही उपलब्धि हुन सक्दैन् ।

सामग्री रमाइलो मात्र नभइ बालबालिकामा जिज्ञाशा उत्पन्न गराउने र खोजी गर्ने बानी बसाल्ने हुनुपर्दछ भन्ने प्राथमिक शिक्षा, २०४९ को जुन उद्देश्य छ, सामग्री त्यसै प्रकृतिको हुनुपर्दछ । शैक्षिक सामग्रीको प्रयोगबाट पाठको धारणा स्पष्ट पार्न सकिन्छ । एउटा उपर्युक्त चित्रले हजारौं शब्दको ज्ञान गराइराखेको हुन्छ, (सापकोटा २०६२) ।

शैक्षिक सामग्री छनोटका विभिन्न आधार एवं सिद्धान्त छन् । जस्तैः- तयारी सिद्धान्त, छनौट सिद्धान्त, नियन्त्रण सिद्धान्त, सदुपयोग र प्रस्तुतिको सिद्धान्त, प्रतिक्रिया र मूल्याङ्कनको सिद्धान्तमा आधारित हुनुपर्दछ । खासगरी शैक्षिक सामग्रीलाई चार भागमा विभाजन गरिएको छ :

क) मुद्रित सामग्री

ख) दृष्य सामग्री

ग) श्रव्य सामग्री

घ) श्रव्य+ दृष्य  सामग्री

शैक्षिक सामग्रीको मुद्रित सामग्री अर्न्तगत पुस्तक, पत्रिका, शिक्षक निर्देशिका, पाठ्यक्रम, विषय विस्तृतिकरण, कक्षा नोट, इमेल, पर्दछन् । दृष्यसामग्री अन्तर्गत नक्सा, ग्लोब चार्ट, मोडेल ग्राफ, चित्र, इन्टरनेट, कालोपाटी, फ्लाटिनबोर्ड पर्दछन् । श्रव्य सामग्री अन्तर्गत रेडियो टेपरेकर्ड, फोनोग्राफ डिक्स पर्दछन् । श्रव्यदृष्य सामग्री अन्तर्गत नाटक, सिनेमा, टि.भि., भिडियो आदि पर्दछन् । (शर्मा एण्ड शर्मा, २०३९)यसरी हेर्दा कक्षाकोठा शिक्षणमा शैक्षिक सामाग्रीको महत्वपूर्ण स्थान रहेको पुष्टि हुन्छ। त्यसैले कक्षा शिक्षणमा वास्तविक रुपमा के कसरी सामाग्रीको प्रयोग भइरहेको छ भनी यो अध्ययन कार्यलाई अघि बढाईएको छ ।

## १.२ समस्याको कथन

प्रत्येक वर्ष नेपाल सरकारले बजेटमा १६% भन्दा बढि रकम शिक्षामा विनियोजन गरेतापनि सामुदायिक मा.वि.हरूको शैक्षिक उपलब्धि भने त्यति सन्तोषजनक पाइदैन । शैक्षिक सामग्रीको उपलब्धताको कमीले विषयवस्तुको गहिराइसम्म पुगी अध्यापन कार्य गर्न नसकनु त होइन? राज्य एवम् वि.व्य.स.ले शैक्षिक सामग्रीको अभाव परिपूर्ति गर्न नसकेकोले त होइन? विद्यार्थी परिचालन गर्नु र शैक्षिक सामग्री जुटाउने जस्ता भएको गुण शिक्षकमा कमी त भएको हैन् ?  शैक्षिक सामग्रीका अभाव एवम् कम प्रयोगका कारण वास्तवमै शैक्षिक उपलब्धिमा कमी आएको त भन्न सकिन्छ या सकिदैन यसै विषयवस्तुलाई समेटी एउटा अध्ययनको विषय बनाएको छु ।

शैक्षिक सामग्रीको उचित प्रयोगबाट विषयवस्तुलाई सरल ढङ्गले सिकारु समक्ष पुऱ्याउन सकिन्छ । तर यसो नभएर विषयवस्तुसँग मेल नखाने खर्चिलो र सहजै प्राप्त गर्न नसकिने शैक्षिक सामग्रीको प्रयोग भएमा शिक्षण कार्यलाई अर्थहीन बनाउँदछ । तसर्थ शैक्षिक सामग्रीको प्रयोग गर्नका लागि योग्य एवम् तालिम प्राप्त शिक्षककहरुको आवश्यकता पर्दछ । तर सबै विद्यालयहरुमा त्यस्ता शिक्षककहरुको अभावले गर्दा शैक्षिक सामग्रीहरुको व्यवस्थापनमा समस्या रहेको छ ।

गुणस्तरीय शिक्षा प्रदान गर्न शैक्षिक सामग्रीको प्रयोग एउटा महत्त्वपूर्ण आधार मानिएको भएता पनि यसको व्यापक एवम् प्रभावकारी प्रयोगको कमीको कारणले शैक्षिक उद्देश्य पूरा गर्न नसकिएको अवस्था देखिन्छ । शैक्षिक सामग्रीको प्रयोगले कम समयमा सरल ढंगबाट दिगो सिकाई सम्भव हुने हुँदा यसको प्रयोगमा के कसरी व्यापकता ल्याउन सकिन्छ । पाठयोजना तथा पाठ्यक्रम सुहाउँदो शैक्षिक सामग्रीको प्रयोगले सिकाइ उपलब्धिमा पार्ने प्रभाव के कस्ता हुन सक्छन् आदि

विषयलाई अध्ययनको समस्याको रूपमा छनौट गर्ने छु । त्यसैले शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव बिषयलाई समस्याजन्य विषयको रूपमा छनोट गरिने छ ।

## १.३ अध्ययनको महत्व

गुणस्तरीय शिक्षा प्रदान गर्न प्रभावकारी सिकाइ प्रकृया महत्त्वपूर्ण मानिन्छ । शैक्षिक सामग्रीको सहज एवम् व्यापक प्रयोगले सिकाई उपलब्धि पूर्ण हुन्छ भन्ने कुरामा दुइमत देखिदैन । यसर्थ प्रस्तुत अध्ययन सहज एवम् दिगो सिकाइका लागि औचितयपूर्ण हुने आशा गरिएको छ । गुणस्तरीय शिक्षा नारामा मात्र सीमित रहेको देखिएको वर्तमान अवस्थामा यस अध्ययनले सरोकारवाला पक्षहरूका लागि मार्गदर्शनको रूपमा काम गर्न सक्ने छ भन्ने कुरामा विश्वस्त हुन सक्ने देखिनछ ।

विद्यालयको शैक्षिक प्रणालीलाई प्रभावकारी ढंगले विकास गर्नका लागि शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहेको छ । शैक्षिक सामग्री विषयवस्तुसँग सम्बन्धित विद्यार्थीहरूको उमेरस्तर र रुचिमा आधारित हुन अपरिहार्य छ । यसरी शैक्षिक सामग्री सही ढंगले प्रयोग गर्दा विद्यार्थीहरूको सिकाइमा प्रभावकारीता ल्याउनको साथै शिक्षकहरूको शिक्षण गर्ने कलाको विकास गराउँदछ । विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग सही ढंगले भए शिक्षण प्रभावकारी हुन जान्छ ।

सामुदायिक विद्यालयहरूको शैक्षिक उपलब्धि न्यून हुने कारण शैक्षिक सामग्रीको प्रयोग नभएकोले नै हो । शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पार्छ र विद्यार्थीको सिकाइमा कस्तो भूमीका खेल्दछ भन्ने जानकारी लिन सकिन्छ । विद्यालयमा शैक्षिक सामाग्रीहरू परिचालन सम्बन्धमा के कस्ता व्यवस्था गरिएको छ, सो जानकारी पनि लिन सकिन्छ । सामुदायिक विद्यालयमा शैक्षिक सामग्रीहरूको व्यवस्थापन र प्रयोगमा ध्यान दिए जस्तो देखिदैन । शै.सा.को उचित परिचालन गर्न वि.व्य.स., वि.प्र.को भूमीका के रहेछ भन्ने खोजी गर्न आवश्यक ठानिएको छ ।

अन्त्यमा यस अध्ययनबाट शिक्षक, विद्यार्थी, अभिभावक, प्र.अ., वि.व्य.स., पाढ्यक्रम निर्माणकर्ता, शैक्षिक योजनाकार आदिलाई समेत यस अधययनले शैक्षिक उपलब्धि कसरी हासिल गर्न सकिन्छ भन्ने सवालमा सहयोग पुग्न सक्ने आशा राखिएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका निम्नानुसारका उद्देश्यहरू रहेका छन् :

क) शैक्षणिक सामग्री प्रयोगको अवस्था पत्ता लगाउनु ।

ख) शैक्षिणिक सामग्रीको प्रयोगले शिक्षण सिकाईमा पारेको प्रभावको लेखा जोखा गर्नु ।

ग) शैक्षिणिक सामग्रीको प्रयोग तथा व्यवस्थापनमा देखिएका समस्याहरू पहिचान गर्नु ।

घ) शैक्षिणिक सामग्रीको प्रभावकारी व्यवस्थपनमा सुधार गर्ने उपायको खोजी गरी सुझाव प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययन शिर्षक अन्तर्गत निम्न प्रश्नहरू तयार गरिएका छन् :-

क) के सबै कक्षा र विषयमा शैक्षणिक सामग्रीको नियमित प्रयोग गर्ने गरिएको छ ?

ख) शै. सा. निर्माण र भण्डारणको व्यावस्थामा विद्यालय को भूमिका के कस्तो रहेको छ ?

ग) शै.सा.को कक्षागत प्रयोगको लागि शिक्षकहरुलाई तालिमको के कस्तो व्यवस्था गरिएको छ ?

घ) शै.सा.निर्माण र खरिदमा विद्यालय विद्यार्थि र शिक्षकहरुको सहभागिता छ छैन ?

ङ) कक्षा नियन्त्रणमा के कस्ता शै. सा. प्रयोग गरिएको छ ?

च) शै. सा. प्रयोग गर्दा र नगर्दा शिक्षण सिकाइमा के कस्तो प्रभाव परेको देखिन्छ?

छ) शै.सा. प्रयोग गर्दाको कक्षाकोठाको अवस्था र नगर्दाको अवस्थामा के कस्तो अन्तर छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक र विस्तृत भएता पनि सिमित साधन, स्रोत, समय साथै अन्य कारणले गर्दा यस अध्ययनको परिसीमा निम्न रूपमा तय गरिएको छ । यस अध्ययनलाई मोरङ जिल्लाको सुकुना स्रोत केन्द्र अर्न्तगतका जम्मा ३ वटा सामुदायिक मावि जसमा कविर मा.वि., वेलवारी जनता मा.वि., महेन्द्र मा.वि.कोसी हरैचाको शैक्षिक सामग्री र सिकाई प्रभावकारीता बीचको सम्बन्धको मात्र अध्ययन र विश्लेषण गरिनेछ । छनौट गरिएका प्रत्येक विद्यालयका जम्मा ३ प्र.अ., ६ शिक्षक, १५ विद्याथीहरू, वि.व्य.स.का पदाधिकारी र अभिभावक लाई अध्ययनको अन्तर्वार्ता तथा प्रश्नावलीमा सिमित पारिएको छ । यस अध्ययनलाई मुद्रित सामग्रीहरूको प्रयोगमा सिमित गरिनुका साथै यस अध्ययनलाई शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक उपलब्धिमा पार्ने प्रभावमा मात्र सिमित गरिएको छ ।

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनारावलोकन र सैद्धान्तिक खाका

अनुसन्धान समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न तथा अनुसन्धानकर्ताको सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न साहित्यको पुनारावलोकनले सहयोग पुऱ्याउँदछ । विभिन्न साहित्यहरूको पुनारावलोकन पछी निश्चित सिद्धान्तको चयन गरी अनुसन्धानकर्ताले त्यसलाई अध्ययनको आधार मान्नु पर्ने हुन्छ । त्यसैलाई सैद्धान्तिक खाका भनिन्छ । सैद्धान्तिक ढाँचामा आधारित भएर अध्ययनका लागि निश्चित संरचना निर्माण गर्नु पर्दछ । कुनै पनि अध्ययन अनुसन्धान गर्दा सम्बन्धित साहित्यको अध्ययनबाट आफूले अध्ययनलाई कसरी सिलसिलाबद्ध ढँगले अगाडी बढाउने भन्ने कुरा नै प्रष्ट हुनुपर्दछ ।

## २.१ सम्बन्धित साहित्यको पुनारावलोकन

हाडा (२०५९)ले उल्लेख गरेको गुणस्तरीय शिक्षण सामग्री र वातावरणको अपरिहार्यता शीर्षकका अनुसार शिक्षणलाई मूर्तरूप दिनका लागि पनि विद्यालयमा योग्यता प्राप्त, तालीम प्राप्त, दक्ष र अनुभवी शिक्षकको जरुरत पर्दछ । जुनसुकै काइदाका साथ बनाइएको भएपनि चालक योग्य एवम् सीपयूक्त नभएमा डुँगा नदीमा डुब्न सक्छ भने झै पर्याप्त भौतिक सुविधा उपलब्ध छ किन्तु योग्य शिक्षकको सेवा उपलब्ध छैन भने प्रभावकारी शिक्षण दिन सकिदैन भन्ने कुरालाई ध्यानमा राखी शिक्षकको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

शैक्षिक सामग्रीको प्रयोगले पाठलाई स्पष्ट गराउँदछ । प्रस्तुत धारणालाई छर्लङ्ग पार्दछ । एउटा उपयुक्त चित्रले हजारौं शब्दको ज्ञान गराइराखेको हुन्छ । शैक्षिक सामग्रीको अभावमा शिक्षकलाई शिक्षक गर्न कठिन हुने मात्र नभई बालबालीकाका लागि सिकाई अरूचिकर हुन्छ । उपयुक्त विन्दुमा उपयुक्त शै.सा.को प्रयोगबाट विषयको धारण स्पष्ट हुन्छ । उदाहरणको लागि चित्र, नक्सा, चार्ट, नमूनाको अवलोकन र सामग्री निर्माण कार्यमा विद्यार्थीहरूलाई सहभागी बनाइएमा शिक्षण ज्ञानवर्द्धक र अनुभवप्रद हुनसक्छ । यसरी समुचित शिक्षण सामग्रीको उचित मात्रामा प्रदर्शन र प्रयोग हुन सके शिक्षक अझै प्रभावकारी हुनुको साथै शिक्षाको राष्ट्रिय उद्देश्यले गुणस्तरीय शिक्षाको जुन अपेक्षा गरेको छ त्यो पूरा हुन सक्छ,।

पाठ्य सामग्री निर्माण तथा वितरणमा परेका मेहनत एवम् श्रोत तथा समय खर्चे अनुसार विद्यालयमा ती सामग्री उपलब्ध भएको र प्रयोग भएको पाइदैन । सामग्री उपयोगी नभएर तिनको

प्रयोग नभएको हो कि, यतातिर पनि सोध्नु आवश्यक छ । यसका लागि पाठ्यक्रम विषय विस्तृतिकरण तथा शिक्षक निर्देशिका उद्देश्य र उपयोगिता माथि छलफल गर्नु पनि उपयुक्त देखिन्छ ।

शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीले सिकेका कुरा उनीहरूको मनमा चिरस्थायी रहन मद्दत होस, उनीहरूको सार्थक र व्यवहारीक ज्ञान प्राप्त गरुन, सृजनात्मक प्रतिभाको विकास गर्न सकुन, विद्यार्थीले अध्ययन क्रियाकलापमा अभिरूचि बढाई सोच्ने बानी बसाल्नुका साथै पठन-पाठनको क्रियाकलापमा शिक्षक र विद्यार्थीहरूको संलग्नता बढ्न सकोस भन्ने धारणाका साथ शैक्षिक सामग्रीको प्रयोगमा जोड दिइएको छ ।

आर्थिक दृष्टिकोणले पिछडिएको हाम्रो जस्तो विकासन्मुख राष्ट्रमा शै.सा.को प्रयोग एक अनावश्यक आर्थिक बोझ भन्ने हो भनाई पनि कही-कही सुनिन्छ । विदेशी, बढी मोल पर्ने, उच्च स्तरका शै.सा.हरू प्रयोगमा ल्याउनुभन्दा स्थानीय प्रयासबाट निर्मित सुपथ मूल्यको शै.सा.लाई नै बढी जोड दिइनु पर्ने कुरा सर्वमान्य भइसकेको छ । त्यसमा पनि विद्यार्थी र शिक्षक दुवैले मिली संयुक्त प्रयासबाट योजनावद्ध ढङ्गले निर्माण गरिएको शै.सा.को प्रयोगले पठनपाठनलाई बढी प्रभावकारी बनाउँदछ । साथै सुपथ मूल्यमा पाइने स्थानीय सामग्री, सरल, चिरपरिचित हुनुका साथै सजिलै पाइने हुनाले यस्ता शै.सा.को सदुपयोगबाट विद्यार्थीहरूमा बढी सकारात्मक प्रभाव पर्दछ,।

सेरिड (२०६०) का अनुसार हाम्रो देशमा शिक्षक तालिमलाई ठूलो महत्त्व दिइ यसमा प्रसस्त लगानी गरिएता पनि तालीमबाट सन्तोषजनक परिणाम हासिल गर्न सकिएन भन्ने गुनासो सुनिएको छ । त्यसैले सम्बन्धित संस्थाहरूको तालीम प्रभावकारी बनाई यसबाट विद्यालयका कक्षाकोठामा उपयोग गरी बालबालीकालाई नवीनतम ज्ञान तथा सीप प्रदान गर्न सकेमा देशले सोचे अनुसारको सक्षम जनशक्ती प्रष्ट गर्ने आशा गर्न  सकिन्छ । तालीम प्राप्त शिक्षकबाट स्थानीय तथा कम मूल्यका शै.सा.हरूको अत्याधिक मात्रामा उपयोग हुन सके विश्वका वालवालिकासँग हाम्रा वालवालीका कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्षम हुन्छन् भन्ने विश्वास गर्न सकिन्छ,।

शैक्षिक सामग्रीहरू मध्ये कालोपाटी पनि एक महत्त्वपूर्ण शै.सा. मानिन्छ । यसको प्रयोग उपयुक्त स्थानमा राखेर शिक्षण गर्नुपर्दछ । कक्षाकोठामा विद्यार्थीको अगाडी कालोपाटी राख्नुपर्दछ । लेखिएका विषयवस्तु विद्यार्थीहरू सबैले देख्ने पनि हुनुपर्दछ । विद्यार्थीको आँखाको सतह मिल्ने गरी बीचमा राख्नु पर्दछ । छाया परेको र टल्कने गरी राख्नु हुदैन । कालोपाटी राख्दा उक्त कुरामा ध्यान पुऱ्याइएमा विद्यार्थीलाई दिन खोजिएको सन्देश सजिलै विद्यार्थीहरूमा पुऱ्याउन सक्षम हुन सकिन्छ

।शिक्षकले कालोपाटी प्रयोग गर्नु पूर्ण र प्रयोग गरेपश्चात सफा गर्नु पर्दछ । यदि सफा नगरीकन नै प्रयोग र सफा नगरी बाहिर निस्कियो भने त्यो राम्रो कुरा होइन । तलमाथि गरेर सफा गर्नुपर्दछ । जसले गर्दा चकको धूलोबढी उड्न पाउँदैन र तलतिर मात्रै झर्दछ ।

हाम्रो मुलुकमा आधिकांश विद्यालयहरूमा चकले लेख्ने पाटीलाई कालो रंगले रंगाइने भएको ले नै यसलाई कालोपटी भन्न थालियो । अहिले आएर पाटीको रंग कालोको सट्टा पहेलो, हरियो, सेतो पनि प्रयोग गर्न थालिएको छ । आँखाका लागि कालोभन्दा हरियो रंग राम्रो मानिन्छ । तसर्थ कुनै-कुनै विद्यालयहरूमा हरियो रंग प्रयोग गरेको पाइन्छ । सामान्यतया चकवोर्ड रंग्याउँदा शुक्रबारका दिन अतिरिक्त क्रियाकलाप सकिएर विद्यालय बन्द गर्ने समयमा रंगाइयो भने आइतबार प्रयोग गर्दा सुकिसकेको हुन्छ ।

शिक्षक मासिक (२०७१) मा उल्लेख गरे अनुसार शिक्षक निर्देशिकाहरू, जर्नलहरू, पत्रपत्रिका काटेर राखेका फाइलहरू, तालिम सामग्रीहरू, स्वाध्यायन सामग्रीहरू, शैक्षिक तथ्यांकहरू उपलब्ध हुन सकून् । त्यस्तै विद्युतीय औजारहरू रेडियो, टेप रेकर्ड, कम्प्युटर, विद्युतीयतार, ब्याट्रीहरू, चुम्बकीय पाटीहरू उपलब्ध हुन  सकून् । वाताविक नमूनाहरू धेरै उपयोगमा आउने बिरुवाहरू ( गमलामा) उपलब्ध हुन सकून् । त्यस्तै काठका सामग्रीहरू अन्तर्गत ब्लकहरू, फलेकहरू, सनमाइका, प्लाइउडका टुक्राहरू उपलब्ध हुन सकून् । त्यस्तै रेखाचित्र सम्बन्धि सामग्रीहरू, ड्रइङ्ग पेपर, मार्कर, टेप, पोस्टरपेपर, कलीप, डिस्प्ले बोर्ड, जालीबोर्ड, कटर, हिटर, हतौडा, आरा, शिलिङ्ग मेसनगन आदि औजारहरू उपलब्ध गराउन सक्नु पर्दछ । विद्यार्थीहरूले निर्माण गरेका उत्कृष्ट चित्र र नमूनाहरू, प्रश्नका संकलन, घटना अध्ययन र कार्यमूलक अनुसन्धानका प्रतिवेदनहरू, शैक्षिक भ्रमणका प्रतिवेदनहरू, सिकाइमा प्रयोग हुने तस्विरहरू, परियोजना कार्यका प्रतिवेदनहरू आदि उपलब्ध गराउन सक्नु पर्दछ ।

कोईराला (२०६४) का अनुसार जनतासँग धेरै प्रविधिहरू छन् । हामीले अनुभव नगरेको प्रविधिहरू विरुवा चिन्ने प्रविधि, छामेर चिन्ने, चाखेर चिन्ने, हेरेर चिन्ने, दाँजेर चिन्ने यो चिन्ताले वनस्पति शास्तको जनप्रविधि खोज्ने बाटो दिन्छ । उसको उपयोगिता पहिल्याउने विधि दिन्छ । जनदैलोमा अनेकन प्रविधिहरू छन् । दुईमुखे चुलो बनाउने प्रविधि, तीनखुट्टे ओदान बनाउने प्रविधि, बच्चाले फिर्फिरे बनाउने प्रविधि, डालोको गणित, ओदानको गणित, त्रिभुज र चतुर्भुजको गणित । यसरी गणित घरघरमा छ, कसरी भाषान्तर गर्न सिक्यौ भन्ने प्रविधिलाई कक्षा शिक्षणमा प्रयोग गर्न नसकिएको अवस्थालाई प्रस्तुत गरिएको छ ।

माथिका छलफलबाट मैले एउटा मान्यता स्थापित गरे। प्रविधि गाउँघरमै छ, घरघरमै छ। तिनलाई विद्यालयमा ल्यायौं भने हाम्रो शिक्षा स्वत सान्दर्भिक हुन्छ भन्ने मान्यता रहेको पाइन्छ।

## २.२ सैद्धान्तिक खाका

प्याभलमका (१९०४) अनुसार दृष्य र अदृश्य दुवै प्रकारका प्रभाव प्राणीको सिकाइमा पर्छ भनी प्रमाणित गरेका छन्। सर्वप्रथम उनले आफ्नो प्रयोगात्मक अनुसन्धान सफल पार्नका लागि कुकुर, घण्टी, कुकुर बाध्ने चेन र प्रयोगशालाको व्यवस्थापन गरेका थिए। लामो समयको प्रयोगको अर्न्तरालमा कुकुरले खाना खाँदा मात्र ऱ्याल ननिकाली खाना देख्दा, खानाको सूचना प्राप्त गर्दा पनि ऱ्याली निकाल्नु जस्ता क्रियाकलाप अनुसन्धान सफल हुनु  हो। यदी खाना देख्नु दृष्य तत्व हो भने सुचना प्राप्त गर्नु अदृष्य तत्व हो। यसरी दुवै तत्वबाट एउटै प्रतिक्रिया देखाउने बानीलाई अभ्यास भनिन्छ। प्याभलम एउटा भोको कुकुरलाई यान्त्रिक रूपबाट तयार गरको प्रयोगशालामा राख्छन् र कुकुरलाई कुनै प्रकारको दुःख हुन दिएको छैन र कुकुरलाई खाना दिने स्वचालित उपकरणको प्रयोग गरिएको छ। यस प्रयोगात्मक क्रियाकलापमा कुकुरको प्रत्येक क्रियाकलापलाई अनुसन्धानकर्ताले अवलोकन गरेको गरेको छ। कुकुरले खाना देख्नासाथ प्रतिक्रिया देखाउन थाल्छ। त्यसैले यस प्रयोगमा खाना स्वभाविक प्राकृतिक उत्तेजना हो भने घण्टी अस्वभाविक कृत्रिम उत्तेजना हो। खानाबाट ऱ्याल आउनु स्वभाविक प्रतिक्रिया हो भने घण्टीबाट ऱ्याल आउनु पनि स्वभाविक पनि क्रिया हो। यस प्रयोगमा खाना र घण्टीको सम्बन्ध स्थापना गराएर एउटै प्रकारको नतिजा आउनु सम्बन्ध प्रत्यावर्तनको सिद्धान्त हो (शर्मा एण्ड शर्मा, २०६४ बाट उद्धत)।

मनोवैज्ञानिक स्किनर (१९४३) को सिकाई सिद्धान्तलाई कार्यमूलक वा क्रियात्मक सम्बन्ध प्रत्यावर्तन भनिन्छ। उनले अनुसार परेवालाई पात्र बनाएर गरेका प्रयोगहरूबाट प्रयोगात्मक मनोवैज्ञानिकको क्षेत्रमा योगदान पुऱ्याएको पाइन्छ। यही तथ्यहरूलाई आधारमानी उनले मानवीय व्यवहारको अध्ययनमा समेत योजनाबद्ध र वस्तुगत कार्यहरू गर्न सकिने प्रमाणित गरेका कुरा उल्लेख गरिएको छ, । शिक्षण सिकाई क्रियाकलाप भन्नाले शिक्षक र विद्यार्थी बीचको अन्तर्क्रियात्मक प्रक्रिया भन्ने बुझिन्छ। यस अन्तर्गत शिक्षकले विद्यार्थीको लागि व्यवस्थित ढङ्गबाट उपयुक्त शिक्षण विधि तथा पद्धतिद्वारा सिकाई अनुभव प्रदान गर्दछन्। शिक्षण सिकाई क्रियाकलाप अन्तर्गत सिकाईको उद्देश्य निर्धारण गर्ने , सिकाई योजना तयारी र कार्यान्वयन तथा मूल्याङ्कन गरिन्छ (रेग्मी,२०६७ बाट उदृत)।

यस अध्ययनमा शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक उपलब्धिमा पार्ने प्रभावलाई सैद्धान्तिक ज्ञान प्राप्त पश्चात शैक्षिक सामग्रीको प्रयोग गर्न खोज्दा सिकाई प्रभावकारी एवम् दिगो हुन्छ भन्ने मान्यतामा शैक्षिक सामग्रीलाई पुनर्वलको रूपमा राखी अध्ययन गर्ने सैद्धान्तिक खाका बनाइएको छ । शिक्षण सिकाइ क्रियाकलाप भन्नाले शिक्षक र विद्यार्थीका लागि व्यवस्थित ढंगबाट उपयुक्त शिक्षण विधि तथा पद्धतिद्वारा सिकाई अनुभव प्रदान गर्दछन् । शिक्षण सिकाई क्रियाकलाप अन्तर्गत सिकाईको उद्देश्य निर्धारण गर्ने, सिकाइ योजना तयारी र कार्यान्वयन तथा मूल्याङ्कन गरिन्छ । शिक्षकले शिक्षण गर्दा विषयवस्तुको प्रभावकारी तरिका सम्प्रेषण गरेर मात्र पुग्दैन । विद्यार्थी आफै सिक्ने वातावरण एवम् अग्रसर बनाउन सक्नुपर्दछ ।यस अध्ययनमा केही मनोवैज्ञानिकहरूका सिकाइसम्बन्धी चिन्तनहरूलाई आधार बनाइ यी दुई बीचको अन्तर सम्बन्धबाट सिकाईमा देखिएका समस्या पहिचान गर्न सकिने विश्वास लिइएको छ । जस्तै : प्रकृतिवादी रुसोको अनुसार “प्रत्यक्ष अनुभवबाट आएको सिकाइ स्वतन्त्रता एवम् प्राकृतिक वातावरणबाट प्राप्त व्यवहार नै उत्तम हुन्छ”, (शर्मा, २०५७) ।यस अध्ययनमा बालवालीकाहरूको शारीरिक विकास र सिकाई स्थितिसँग तुलना गर्न सकिने मान्यता राखिएको छ । त्यसैले यस अध्ययनमा सिकारुका लागि सिकाइँ विधि तथा पद्धतिहरू, शिक्षक सिकाइमा देखिएका समस्याहरू र समस्या सामाधानका उपायहरूलाई प्रष्ट्याउने प्रयास गरिने छ । स्कीनको सिद्धान्तको मूल आशय सिकाई र व्यवहार परिवर्तन उपलब्ध वातावरणीय उद्धीपक प्रति सहजै पैदा हुने प्रतिक्रिया र तत् पश्चात् प्राप्त हुने पुनर्वलीय उद्धीपक बीचको सम्बन्धबाट हुन्छ भन्ने भनाई मेरो अध्ययनमा शै.सा.को प्रयोगले शैक्षिक उपलब्धिमा पार्ने प्रभावलाई शैद्धान्तिक ज्ञान पश्चात शैक्षिक सामग्रीको प्रयोग गर्न खोज्दा सिकाई चिरस्थायी हुन्छ भन्ने मान्यतामा शैक्षिक सामग्रीलाई पुनर्वलको रूपमा राखी अधययन गर्न शैद्धान्तिक खाका बनाइने छ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न तथा दिगो सिकाइका लागि विद्यार्थी, शिक्षक, अभिभावक, प्र.अ., एवम् वि.व्य.स. तथा अन्य सरोकारवाला पक्षहरूलाई एक अर्कामा समन्वय गरी के कसरी विद्यालयमा शैक्षिक सामग्रीको उपयुक्त मात्रामा व्यवस्था मिलाई प्रभावकारी प्रयोग गर्न सकिन्छ र दिगो सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सन्दर्भमा जानकारी दिन यो अध्ययन उपयोगी बन्न सक्ने छ भनी विश्वास गर्न सकिन्छ ।

वर्तमान समयमा परम्परागत विधि तथा वर्तमान शिक्षण विधिमा कमीकमजोरीहरू केलाएर तिनीहरूमा सुधार गरी तथा नयाँ विधिहरूको प्रयोग गरी शैक्षिक सामग्री आजको गुणस्तरीय शिक्षा प्रदानमा अपरिहार्य भन्ने कुरालाई स्पष्ट पार्न यस अध्ययनले सहयोग गर्न सक्ने छ । आजको युग सुहाउँदो शिक्षण गर्न र बढीभन्दा बढी उपलब्धि हासिल गरी सबैलाई सिक्ने र सिकाउने एवम् रूचिकर कक्षा शिक्षण पद्धति गर्न आ-आफ्नो बुद्धि, सीप, लगनशीलता एवम् आर्थीक पहुँचलाई ध्यानमा राखी प्रभावकारी शिक्षण गर्नु आजको आवश्यकता र वास्तविकता पनि हो । यसरी शैक्षिक सामग्रीको प्रयोगले शिक्षण कार्य गर्दा विद्यार्थीहरू स्वावलम्वी एवम् आत्मनिर्भर बन्ने विषयमा सोधकार्यले सम्बन्धित सबैलाई सघाउ पुऱ्याउँछ ।

कुनै पनि विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको उपलव्धता भएर मात्र शिक्षण कार्य सफल हुदैँन । तसर्थ उक्त सामग्रीहरूको सही तरिकाले संरक्षण गर्न, प्रयोग गर्न, समय सान्दर्भिक सामग्री निर्माण गर्नका लागि आवश्यक तालिमको व्यवस्था हुनुपर्ने देखिएको छ । यद्यपी स्रोत साधनहरूको उचित तरिकाले संरक्षण एवम् प्रयोग गर्न दक्ष, कुशल र योग्य जनशक्तिको अभावमा शिक्षण कार्य भै असफल, अप्रभावकारी र समग्र शैक्षिक विकासमा नै कम हुने देखिएको छ ।

# परिच्छेद तीनः अध्ययन विधि

कुनै पनि विषयको अध्ययन अनुसन्धानलाई निश्चित लक्ष्यसम्म पुऱ्याउनका लागि त्यसका विभिन्न विधिहरू अबलम्बन गर्नु पर्ने हुन्छ । उक्त विधिहरूको अवलम्बन गरेर शिक्षण कार्य गरियो भने शिक्षक प्रभावकारी हुन्छ । यदि उक्त विधिहरूको ख्यालै नगरी शिक्षक गरियो भने शिक्षक निश्चित लक्ष्यसमम पुग्न सक्दैन । त्यसैले अनुसन्धानका लागी निम्नानुसारको विधिलाई अपनाईएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो शोधपत्र सिकाइ उपलब्धिमा शैक्षिक सामग्रीको प्रभाव विषयका अधययनसँग सम्बन्धित छ । अध्ययनका क्रममा देखिएका अवस्था, समस्या, प्रतिक्रिया, घटनाको व्याख्या विश्लेषण गरिएको छ। । यो अध्ययन वर्णनात्मक र गुणात्मक ढाँचामा तयार गरिएको छ । शैक्षिक सामग्रीको प्रयोगका सम्बन्धमा केन्द्रित रहि यस अध्ययनको विषयमा उद्देश्य प्राप्तीका लागि स्थलगत सर्वेक्षण, छलफल, अन्तर्वार्ता तथा प्रत्यक्ष भेटघाट जस्ता विधिहरूको प्रयोग गरेर यस अधययनका लागि उद्देश्यपूर्ण नमूना छनोट विधिको आधारमा सुकुना स्रोत केन्द्र भित्र रहेका ३ वटा सामूदायिक माध्यमिक विद्यालयहरू जनता मा.वि. ,महेन्द्र मा.वि.र कविर मा.वि. लाई अधययनको क्षेत्र कायम गरिएको छ ।

### ३.२.१ जनसंख्या

मोरङ जिल्ला कोशीहरैचा स्रोत केन्द्र अर्न्तगतका ५८ वटा विद्यालयहरुमा कार्यारत शिक्षकहरु विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र प्र.अ.हरु , विद्यार्थीहरुलाई यस अध्ययनको जनसङख्याको रुपमा लिएको छ ।

### ३.२.२ नमूनाको आकार

यस अध्ययनका लागि उद्देश्यपूर्ण नमूना छनोट विधिको आधारमा सुकुना स्रोतकेन्द्र भित्र रहेका ३ वटा सामूदायिक माध्यमिक विद्यालयहरू जनता मा.वि., महेन्द्र मा.वि.र कविर मा. वि., ती विद्यालयका प्र.अ./ प्राचार्य ३जना, शिक्षकहरु ६ जना, विद्यार्थीहरु १५ जना र वि.व्या. स. का पदाधिकारीहरु ३ जनालाई नमुना उत्तरदाताको रुपमा छनौट गरिएको छ ।

तालिका एक : नमुनाको आकार

| क.स. | विद्यालयका नाम | प्र.अ. | वि.व्य.स. पदाधिकारी | शिक्षक | विद्यार्थी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | श्री जनता मा.वि. | १ | १ | २ | ५ | ९ |
| २ | श्री महेन्द्र मा. वि. | १ | १ | २ | ५ | ९ |
| ३ | श्री कवीर मा. वि. | १ | १ | २ | ५ | ९ |
| | जम्मा | ३ | ३ | ६ | १५ | २७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

## ३.४ नमूना छनोट विधि

यस अध्ययनको प्रभावकारी ढंगले अगाडी बढ्दै जाओस भन्ने विश्वास लिएर समान सम्भावना नमूना छनौट विधि अपनाइने छ ।

## ३.५ नमूना छनोटको आधार

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि निर्धारण गरिएको नमूना छनौटका लागि भौगोलिक, जातियता, आफ्नो कार्य क्षेत्र स्थल, यातायातको सुविधा, आर्थिक मितव्ययिता, सूचना प्राप्तिको विश्वसनियता, समानुपातिकता जस्ता आधारलाई नमूना छनौटको आधार बनाइएको छ ।

## ३.६ अनुसन्धानका साधन

नमूना छनोटमा परेका विद्यालयहरूको शैक्षिक सामग्री र यसले सिकाइ उपलब्धिमा पार्ने प्रभाव के कस्तो रहेको छ सो को जानकारी प्राप्त गर्न अवलोकन फारामलाई स्थलगत अध्ययन गरी, अन्तर्वार्ता, प्रश्नावली, कक्षा अवलोकन प्रतिहप्ता शिक्षक कार्यभार, विवरण फाराम, विद्यार्थी भर्ना फराम, विवरण आदिलाई प्रमुख रूपमा यस अधययन अनुसन्धानको साधनको रूपमा प्रयोगमा ल्याइएको छ । यस अनुसन्धानका लागि निम्न साधनहरूको विकास गरी उपयोगमा ल्याइएको छ ।

क) अवलोकन फाराम (रुजुसूची) :-

नमूना छनोटमा परेका विद्यालयहरूको शैक्षिक सामग्री र शैक्षिक उपलब्धिमा पार्ने प्रभाव कस्तो छ भन्ने पत्ता लगाउन अवलोकन फाराम (रुजुसूची) अनुसार अवलोकन गरी सूचनाको सङकलन गरिएको छ ।

ख) अन्तर्वार्ता निर्देशिका :-

यस अध्ययनका लागि नमूना छनोटमा परेका विद्यालयहरूका प्र.अ., वि.व्य.स.का पदाधिकारी, शिक्षक, अभिभावक र विद्यार्थीहरूको धारणा बुभ्न अन्तर्वाता निर्देशिकाको प्रयोग गरिएको छ । जसको विवरण अनुसूचि १, २, ३, ४, ५ मा प्रस्तुत गरिएको छ ।

ग) कक्षा अवलोकन फारम :-

यस अध्ययनका लागि नमूना छनोट परेका विद्यालयहरूका तालीम प्राप्त शिक्षकको उद्देश्यमूलक नमूना छनोट आधारमा कक्षा अवलोकन फाराम प्रयोग गरी कक्षा अवलोकन फराम भरी तथ्याङ्क सङकलन गरीएको छ जसको विवरण अनुसूची ६ मा प्रस्तुत गरिएको छ ।

## ३.७ तथ्याङ्कका स्रोतहरू

तथ्याङ्कका स्रोत भन्नाले अध्ययन सम्पन्न गर्नका लागि प्रयोगमा ल्याउन सकिने प्राथामिक तथा द्वितीय दुवै प्रकारका स्रोतहरूको विवरणलाई जनाउँदछ । साथै यस शोधपत्रका लागि निम्नानुसारका तथ्याङ्कका स्रोतहरूको प्रयोग गरिको छ ।

क) प्राथमिक स्रोतहरू

अध्ययनको प्राथामिक स्रोतहरू अन्तर्गत अन्तर्वाता, प्रश्नावली, अवलोकन फाराम (रुजुसूची) बाट सङ्कलित सूचनालाई प्राथमिक स्रोत अन्तर्गतका सूचनाको रुपमा लिइएको छ ।

ख) द्वितीय स्रोतहरू

अध्ययनको लागि आवश्यक पर्ने द्वितीय स्रोतहरू अन्तर्गत पुस्तक, पत्रपत्रिका, लेख रचना, प्रतिवेदनबाट सङ्कलित सूचनाहरुलाई द्वितीय स्रोतबाट सङ्कलित सूचनाको रुपमा लिइएको छ ।

## ३.८. तथ्याङ्क संकलन प्रकृया

अनुसन्धानकर्ताले अनुसन्धानका साधन बाट तथ्याङ्को संकलन गरिएको छ। खासगरी प्राथमिक **र** द्वितीय स्रोत बाट संकलित तथ्याङ्कलाई नै यहाँ प्रस्तुत गर्रिएको छ।

## ३.९ तथ्याङ्को प्रस्तुति, विश्लेषण र व्याख्या

प्राथामिक तथा द्वितीय स्रोतबाट प्रष्ट गरिएका तथ्याङ्कहरूलाई प्रमुख रूपमा बर्णात्मक तरीकाले व्याख्या र विशलेषण गरिने भएता पनि सान्दार्भिक देखिएमा संख्यात्मक रूपमा तालीकाबद्ध गरिनुको साथै वृत्तचित्र आदिको प्रयोगबाट विश्लेषणात्मक प्रस्तुतिकरण समेत गरिने छ। साथै सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स., पदाधिकारी, अभिभावकहरूबाट प्राथामिक तथा द्वितीय स्रोतबाट प्राप्त गरिएको तथ्याङ्ककहरूलाई वर्णनात्मक तरीकाले व्याख्या र विश्लेषण गरिएको छ।

# परिच्छेद चार : नतिजाको छलफल र विश्लेषण

कक्षा शिक्षणमा शैक्षिक सामाग्रीको प्रभाव' शीक्षकको अध्ययन कार्यको उदेश्यको परिपूर्तिका लागि अनुसूचिमा संलग्न अनुसन्धानका साधनहरुबाट संकलित सूचनाहरुलाई उदेश्य अनुसार उपर्यूक्त शीर्षक उपशिर्षकको चयन गरी सूचनाहरुलाई छलफल र विश्लेषण गर्ने कार्य यस परिच्छेदमा गरिएको छ ।

## ४.१ शैक्षिक सामाग्री प्रयोगको अवस्था

कक्षा शिक्षणमा शैक्षिक सामाग्रीको प्रयोगले शिक्षणलाई सहज बनाउन तथ्यलाई नकार्न सकिदैन । त्यसैले अनुसन्धानको क्रममा छनौटमा परेका नमूना विद्यालयमा निर्धारित अनुसन्धानका साधनहरुबाट संकलित सूचनाले कक्षा शिक्षणमा शैक्षिक सामाग्री प्रयोगको अवस्थालाई वास्तविक रुपमा प्रस्तुत गर्न देहाय अनुसारका उपशिर्षकहरुको छनौट गरी अलग अलग रुपमा प्राप्त सूचनालाई प्रस्तुत गर्दै छलफल र विश्लेषण गरिएको छ ।

### ४.१.१ मूल्यका आधारमा शैक्षणिक सामाग्रीको प्रयोग

विषयगत रुपमा कक्षा शिक्षणका लागि प्रयोग गर्न सकिने शैक्षणिक सामाग्रीहरु कम मूल्य वा विना मूल्यका हुन्छन्। स्थानिय स्तरमा प्राप्त गर्न सकिने  शैक्षणिक सामाग्रीलाई पनि प्रयोग गर्न सकिन्छ । नमूना छनौटमा परेका विद्यालयमा कति मूल्य वा कस्तो मूल्यका सामाग्री प्रयोग गरी कक्षा शिक्षण गरिएको रहेछ भनी खोजि गरिएको तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका  दुई : मूल्यको आधारमा शैक्षणिक सामाग्री प्रयोगको अवस्था**

| विवरण / विद्यालय | विना मूल्यका सामाग्री | क्रम मूल्यका सामाग्री | बढी मूल्यका सामाग्री |
|---|---|---|---|
| जनता मा.वि | वोटविरुवा, छेस्का, लठ्ठी, ढुङ्गा, वालुवा, व्याट्री, वोतल, गुन्द्रि, सुकुल | शिक्षक र विद्यार्थी निर्मित सामाग्री, कालोपाटी,वेलुन, तामाको तार, शिक्षक निर्देशिका | टेलिफोन, सामाजिक शिक्षणका सामाग्री |
| महेन्द्र मावि | चुराका टुक्रा, कागजको वाकस, फूल, जरा, पात पत्रपत्रिका | पेचकिला, विज्ञान शिक्षणका सामाग्री, शिक्षणक निर्देशिका | विज्ञान शिक्षणका सामाग्री, भाषा शिक्षणका सामाग्री |
| कविर मावि | प्त्रपत्रिका, चुरोटको वट्टा , सिसाको वोतल | नक्सा, रेडियो, टेपरेर्कडर फोटो चिट्ठीपत्र थमपिन किला शिक्षण पत्रिका | टेलिफोन विज्ञान शिक्षणका सामाग्री, सामाजिक शिक्षणका सामाग्री |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

तालिका दुई लाई विश्लेषण गर्दा, कक्षा शिक्षणका लागि विद्यालयहरुले ३ किसिमका शैक्षिक सामाग्रीको प्रयोग गर्ने गरेको पाइयो । यसमा विनामूल्य, कम मूल्य र बढि मूल्यमा शैक्षणिका सामाग्रीहरुको प्रयोगबाट शिक्षण गर्ने गरेको देखिन्छ । यस किसिमका सामाग्रीको प्रयोगबाट गरिने शिक्षण दिगो र स्थायी हुनजान्छ । प्यालभ (१९०४) का अनुसार दृष्य वा अदृष्य सवै सामाग्रीले सिकाई असर पारे जस्तै नमूना विद्यालयमा पनि उपलब्धि / व्यवहार परिवर्तन गर्न मद्दत पुग्ने देखिन्छ । त्यसैगरी शिक्षण पत्रिका, शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तकको सहयोगवाट गरिएका शिक्षण पनि विद्यार्थीको व्यवहार परिवर्तनका लागि सहयोगी देखिएको छ ।

## ४.१.२ तहगत शैक्षणिक सामाग्री प्रयोगको अवस्था

विद्यार्थीको सिकाईप्रति अभिरुची पैदा गरी सिक्नुका लागि अभिप्रेरित गर्न, विद्यार्थीलाई शिक्षण सिकाई सम्बन्धि धारणाको विकास गर्न, सिकेका कुरालाई धिगो बनाइराख्न, शिक्षण सिकाइलाई सहजरुपले संचालन गरी कम समयमा बढी कुराहरु सिकाउन प्रयोग गरिने सामाग्रीलाई शैक्षणिक सामाग्री भनिन्छ ( पन्थ,२०६५) । यसलाई विषयगत तहगत अलग अलग रुपमा प्रयोग गर्न सके राम्रो हुन्छ । नमूना छनौटमा परेका विद्यालयको अवस्था अध्ययनका लागि गरिएको स्थलगत सर्वेक्षणबाट प्राप्त सूचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका तीन : तहगत शैक्षणिक सामाग्री प्रयोगको अवस्था**

| विद्यालय<br>तहगत<br>शैक्षणिक सामाग्री | जनता मावि | महेन्द्र मावि | कविर मावि |
|---|---|---|---|
| प्रावि तह | ) सलाई<br>) माटो<br>) चुरोटको बट्टा<br>) गुच्चा<br>) ढुङ्गा<br>) गोजि तालिका<br>) छेस्का | ) अक्षर पत्ति, शब्द पत्ति<br>) गोजि तालिका<br>) गुन्द्रि सुकुल | ) गोजि तालिका<br>) कार्पेट<br>) खेलौना |
| निमावि तह | ) जरा<br>) पात<br>) इटा<br>) चुरा | ) चित्र<br>) चार्ट<br>) ग्लोव<br>) नक्सापेचकिला, | ) ग्लोव<br>) नक्सा<br>) चित्र चार्ट<br>) रवर<br>) चुरा |
| माध्यमिक तह | ) त्रिभुज<br>) वृतकार वस्तु<br>) पुस्तक, शिक्षक निर्देशिका | ) पाठ्यपुस्तक,<br>) शिक्षक निर्देशिका | ) रसायन<br>) माइक्रोस्कोप<br>) ढक तराजु<br>) मैनबत्ति |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

तालिका तीन लाई विश्लेषण गर्दा नमूना छनौटमा परेका विद्यालयहरुमा तहगत रुपमा शैक्षणिक सामाग्री व्यवस्थापन गरी प्रयोग गर्ने गरेको पाइयो । खासगरी तहगत रुपमा प्रावि, निमावि र मावि तहमा उपयोगी प्रभावकारी सामाग्रीको प्रयोग गरी शिक्षण गर्ने गरेको देखिन्छ । विद्यालयहरुमा तहगत रुपमा प्रायः एकै किसिमका शैक्षणिक सामाग्रीहरुको प्रयोग हुने सूचना स्थलगत सर्वेक्षणको क्रममा देखियो । प्र. अ. शिक्षकसंग गरिएको छलफलका क्रममा ति सामाग्रीहरुको निर्माण र सङ्कलनमा विद्यार्थि, स्थानिय अभिभावक र विद्यालयको आन्तरिक स्रोतलाई परिचालन गर्ि संकलन गरिएको हो । यसरी हेर्दा नमूना छनौटमा परेका विद्यालयमा तहगत रुपमा शैक्षणिक सामाग्री व्यवस्थापन गरिनु र सोहि अनुसार शिक्षणकार्य संचालन गरिनुलाई सकारात्मक मान्न सकिन्छ ।

### ४.१.३ पाठको उदेश्यमा आधारित शैक्षणिक सामाग्री प्रयोग

सामान्यतया शिक्षक कक्षाकोठामा शिक्षणका लागि जांदा पाठयोजनाको निर्माण गरी सोही अनुसारको तयारी स्वरुप शैक्षणिक सामाग्री सहित प्रवेश गनुपर्ने हुन्छ । पाठले निद्धिष्ट गरेका सिकाई उपलब्धि हासिल गराउन शिक्षकले गर्ने शिक्षण र प्रयोग गर्ने शैक्षणिक सामाग्रीले मद्धत गर्दैछ । यसका लागि पाठको उदेश्य अनुसार विद्यार्थीलाई सिकाई गराउन शैक्षणिक सामाग्रीको अहम भूमिका रहन्छ । यसै सन्दर्भमा नमूना विद्यालयमा गरिएको अध्ययनबाट प्राप्त सूचनालाई तालिकीकरण गरि यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका चार : पाठको उदेश्यको आधारमा शैक्षणिक सामाग्री प्रयोगको अवस्था विवरण**

| सामाग्री / विद्यालय | निःशुल्क सामाग्री | क्रम मूल्यका सामाग्री | बढी मूल्यका सामाग्री | मध्यमूल्यका सामाग्री | कुल |
|---|---|---|---|---|---|
| जनता मा.वि | वोतल, सलाईको वट्टा, वोटविरुवा, ढुङ्गा माटो | चित्र, अक्षरका टुक्रा, पुतली, जनावर | चार्ट, नक्सा, अक्षरपत्ती, शब्दपत्ति,गोजि तालिका,ग्लोब | जियोवोड, स्वाकस, मिटर स्केल, एवाकस, टिभी | |
| महेन्द्र मावि | वोतल, सलाईको वट्टा, ढुङ्गा ,माटो, अखवार, पत्रपत्रिका | चित्र, अक्षरका टुक्रा, पुतली, पेन्सिल,कलम | चार्ट, नक्सा, गोजितालिका,ग लोब, खन्ने कोदालो पोल बार | जियोवोड, स्वाकस, मिटर स्केल, टेपरेकडर | |
| कविर मावि | वोतल, सलाईको वट्टा, ढुङ्गा ,माटो, पत्रपत्रिका, | अखवार,पत्रपा त्रका, जनावर,पुतली अक्षरका टुक्रा, पेन्सिल,कलम | चार्ट, नक्सा, गोजितालिका,ग्र ाफ,मोडेल | रेडियो,टेपरेकड र, मिटर स्केल, जियोवोर्ड, | |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका चार लाई विश्लेषण गर्दा नमूना छनौटमा परेका विद्यालयहरुमा चारप्रकारका शैक्षणिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो। यसलाई पाठको उदेश्य प्राप्तिका लागि उपयोग गरी विद्यालयको आर्थिक वोझ समेत कम गर्ने गरेको देखिन्छ । तालिकामा उल्लेखित निःशुल्क सामाग्रीहरु शिक्षक तथा विद्यार्थीहरुद्धारा सङ्कलन गरिएको हो भने कम मूल्य वा मध्यमूल्यका सामाग्रीहरुको सङ्कलन शिक्षक तथा प्रधानाध्यापकको पहलमा तयार गरिएको रहेछ । त्यसैगरी महङ्गा भनिएका सामाग्रीलाई विद्यालयको स्रोतबाट खरिद गरी ल्याएको रहेछ । यसरी

हेर्दा विद्यालयमा रहेका सामाग्रीलाई पाठको उदेश्य अनुसार प्रयोग गर्न सके सिकाई उपलब्धि वृद्धि हुने निश्चित छ ।

### ४.१.४ विषयगत शैक्षणिक सामाग्री प्रयोगको अवस्था

वर्तमान नेपालको पाठ्यक्रम अनुसार तहगत र विषयगत रुपमा पाठ्यपुस्तकको निर्माण गरी विद्यालयमा कार्यान्वयनमा छ। विषयगत रुपमा तयार पारिएको पाठलाई कक्षाशिक्षणका लागि विद्यालयका शिक्षकले शैक्षणिक सामाग्री उपयोग गर्दै पाठलाई प्रभावकारी वनाई विषयगत सिकाई उपलब्धि उच्च बनाउन सक्दछन् । अनुसन्धानको क्रममा सङ्कलित शैक्षणिक सामाग्रीको अवस्थालाई खोजी गर्दा यस्तो अवस्था रहेको पाइयो।

**तलिका पाँच : विषयगत शैक्षणिक सामाग्री प्रयोगको अवस्था**

| विद्यालय / विषयगत सामाग्री | जनता मा.वि | कविर मा.वि | महेन्द्र मा.वि |
|---|---|---|---|
| भाषा (अङग्रेजी, नेपाली) | गोजितालिका, वाक्यपत्ती, पशुपंक्षी,घरगाँउ,बाटो, लेखरचना कथाकविता,टुक्रे अक्षर | वाक्यपत्ती, टुक्रे अक्षर, लेखरचना कथाकविता, कापी, किताब | कापी, किताब, गोजितालिका, कथाकविता, लेखरचना, शब्दपत्ति, निबन्ध |
| गणित | ढुङगा, मिटर स्केल, क्षमता नाप्ने, ढ्याक, ज्यामितिय आकृति, चित्र | ढुङगा, मिटर स्केल, क्षमता नाप्ने, ढ्याक, ज्यामितिय आकृति, चित्र | ढुङगा, मिटर स्केल, क्षमता नाप्ने, ढ्याक, ज्यामितिय आकृति, चित्र |
| विज्ञान | वोटविरुवा, जनावर, खोलानाला, ढुङ्गा, सलाईको वट्टा,चुराटको वट्टा, साबुन, रुमाल | वोटविरुवा, जनावर, खोलानाला, ढुङ्गा, सलाईको वट्टा,चुराटको वट्टा, साबुन, रुमाल | वोटविरुवा, जनावर, खोलानाला, ढुङ्गा, सलाईको वट्टा,चुराटको वट्टा, साबुन, रुमाल |
| सामाजिक | नक्सा, ग्लोब, चार्ट, नमूना, टेपरेकर्डर, जीवनी, पत्रपत्रिका | नक्सा, ग्लोब, चार्ट, नमूना, टेपरेकर्डर, जीवनी, पत्रपत्रिका | नक्सा, ग्लोब, चार्ट, नमूना, टेपरेकर्डर, जीवनी, पत्रपत्रिका |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

*नोटः भाषा विषय, गणित, विज्ञान र सामाजिक विषय शिक्षणका सामाग्रीलाई समावेश गरिएको*

माथिको तालिका पाँच लाई विश्लेषण गर्दा, नमूना छनौटमा परेका ३ वटै विद्यालयमा विषयगत रुपमा शैक्षणिक सामाग्रीको निर्माण, सङ्कलन गरी प्रयोग गर्ने गरेको पाइयो । खास गरी

नेपाली, अङ्ग्रेजी, विज्ञान, गणित, सामाजिक विषय शिक्षणका लागि अलग अलग प्रकारका सामाग्रीहरु रहेको र कक्षा शिक्षणको समयमा तिनीहरुको प्रयोग गरेको पाइयो । नमूना छनौटको कविर मा. वि मा विषयगतरुपमा शैक्षणिक सामाग्रीको भण्डारण गरेको देखियो भने बाँकी २ वटा विद्यालयमा एकै ठाउँमा भन्डारण र व्यवस्थापन गरेको देखियो । यसरी हेर्दा नमूना विद्यालयमा विषयगत रुपमा शैक्षणिक सामाग्री व्यवस्था गरी पठनपाठन गरेको पुष्टि हुन्छ । यसले सिकाई उपलब्धि उच्च बनाउन मद्दत गर्नुका साथै शिक्षण प्रभावकारी हुन जान्छ ।

## ४.१.५ स्थानिय शैक्षणिक सामाग्री प्रयोगको अवस्था

विद्यालयमा शैक्षणिक सामाग्री जुटाउन ठूलो धनराशी नै खर्च गनुपर्ने र बाहिरबाट झिकाउनुपर्छ भन्ने छैन । यसका लागि स्थानीय स्तरमा सङ्कलित र निर्मित सामाग्रीको प्रयोग गरी शिक्षणलाई अर्थपूर्ण गर्न सकिन्छ । नमूना छनौटमा परेका विद्यालयमा स्थानिय सामाग्रीको प्रयोगको अवस्थालाई अनुसन्धानकर्ताले संङकलित सूचनालाई तालिकामा यसरी प्रस्तुत गरीएको छ ।

**तालिका छ : स्थानिय शैक्षणिक सामाग्री प्रयोगको अवस्था**

| सामाग्रीको विवरण / विद्यालय | विद्यार्थी सङ्कलित | शिक्षक सङ्कलित |
|---|---|---|
| जनता मा.बि | बाँस, छेस्का, माटो, ढुङ्गा | खरी, विजुलिको बल्ब |
| कविर मा.वि | वालुवा, कागज, वोतल | चिनी, तामाको तार |
| महेन्द्र मा.वि | अङगार, टीनको बट्टा | कार्डवोड कागज, पिन |
| तीनवटैमा समग्र अवस्था | सलाई वा चुरोटको बट्ट चुराका टुक्रा, वेलुन, गुन्द्री | गुच्छा, व्याट्री, कागजका वाकस वाकस, साइकलको चक्का, चित्र, तस्विर,पात्रो |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

तालिका ६ लाई विश्लेषण गर्दा नमूना छनौटमा परेका विद्यालयमा महङ्गा र पैसा पर्ने शैक्षणिक सामाग्रीको तुलना स्थानिय स्तरमा उपलब्ध हुनु सक्ने जो शिक्षक र विद्यार्थिहरुले आफूले सङकलन गरि प्रयोग गर्न सकिने शैक्षणिक सामाग्रीको प्रयोग गर्ने गरेको पाईयो । नमूना छनौटका विद्यालयमा विद्यार्थी सङ्कलित र शिक्षक सङ्कलित वा निर्मीत शैक्षणिक जुन चाहीँ विद्यालयले कुनै पनि आर्थिक व्यवहार व्यहोर्नु नपरेको सामाग्रीलाई प्रयोगमा जोड दिने गरेको देखिन्छ ।

## ४.१.६ शैक्षणिक सामाग्री प्रयोगको अवस्था

विद्यालयमा उपलब्ध शैक्षणिक सामाग्रीको भण्डारण र तिनको प्रयोगले विद्यालयका शिक्षकको कार्यदक्षता क्षमतामा असर पार्दछ । नमूना छनौटका विद्यालयमा धेरै प्रकृतिका शैक्षणिक सामाग्री भएको तथ्याङ्क माथिको तालिकामा प्रस्तुत गरिसके पछि यस उपशिर्षकमा ति सामाग्रीको वास्तविक रुपमा कक्षा कोठामा प्रयोको अवस्था के रहेछ भनी गरिएको अध्ययनबाट प्राप्त सूचनालाई आधार मानी यहाँ तालिकीकरण गरिएको छ ।

**तालिका सात : शैक्षणिक सामाग्री प्रयोगको अवस्था**

| विवरण / विद्यालय | पूर्णरुपमा प्रयोग भएको | केहिमात्रा प्रयोग भएको | प्रयोग नभएको | उपलब्ध नभएको |
|---|---|---|---|---|
| जनता मा. वि | ४०% | २० % | ४० % | ०० |
| कविर मा. वि. | ५५ % | १५ % | ३० % | ०० |
| महेन्द्र मा. वि. | ४५ % | २० % | ३५ % | ०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

तालिका सात लाई विश्लेषण गर्दा नमूना विद्यालयमा शैक्षणिक सामाग्री प्रयोगको अवस्थालाई गणना गर्दा औसतमा ४६ प्रतिशत सामाग्रीको प्रयोग भएको देखिन्छ भने १८ प्रतिशत केहि मात्रामा प्रयोग भएको र भएका सामाग्रीहरु प्रयोगनै नभएका ३५ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा विद्यालयमा शैक्षणिक सामाग्री उपलब्ध भएर पनि ठूलो सङ्ख्यामा प्रयोग हुन नसक्नु दुर्भाग्यपूर्ण हो । त्यसैले अब शैक्षणिक सामाग्री सहितको अनिवार्य शिक्षणमा जोड दिनु पर्दछ ।

सामान्यतया विद्यालय शिक्षणमा शैक्षणिक सामाग्रीको स्थान महत्वपूर्ण हुन्छ । नमूना छनौटमा परेका विद्यालयमा सामाग्रीको सङ्ख्या भएर पनि वास्तविक प्रयोगको अवस्था न्युन हुनाले पनि स्किनरको सिकाई सिद्धान्तमा उत्प्रेरणा (पूर्नवल) को अभावमा शिकारुले प्रतिकृया नजनाए जस्तै शिक्षकलाई शैक्षणिक सामाग्री सहितको शिक्षणमा प्रेरित गर्दै सिकाई कृयाकलाप गर्न प्रोत्साहन गर्नु पर्ने आवश्यकता सम्म देखिन्छ ।

## ४.२ शैक्षणिक सामाग्रीको प्रयोगले शिक्षण सिकाईमा प्रभाव

शिक्षण सिकाईलाई प्रभावकारि बनाई निर्धारित उदेश्य प्राप्तीमा सहायक बनाउनका लागि शैक्षणिक सामाग्रीको प्रयोग गर्नु पर्दछ । विषयवस्तु प्रस्तुतीकरणको केन्द्र विन्दु विद्यार्थी भएकोले शैक्षणिक सामाग्री प्रयोगको अभाव उनिहरुमाथि देखिने गर्दछ ।

त्यसैले अनुसन्धानकर्ताले नमूना छनौटमा परेको विद्यालयमा कक्षाकोठा शिक्षणमा शिक्षकले प्रयोग गरेका शैक्षणिक सामाग्रीको प्रयोगले शिक्षण सिकाईमा पारेको प्रभावलाई प्रस्तुत गर्न सङ्कलित सूचनाहरुलाई उपशीर्षकहरुमा विभाजन गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ विषयगत शैक्षणिक सामाग्रीमा सिकाई उपलब्धि

शैक्षणिक सामाग्रीको उपर्यूक्त प्रयोगद्धारा शिक्षण सिकाई क्रियाकलाप संचालन गर्दा विद्यार्थीहरुमा सृजनशिलताको अभिवृद्धि भई सिकाई उपलब्धि दिगो र प्रभावकारी हुन्छ । त्यसैले भनिन्छ ˘ सुनेको कुरा विर्सिन्छ । देखेको कुरा सम्झन्छ । आफैले गरेको बुझिन्छ’ । यसरी हेर्दा नमुना छनौटमा परेका विद्यालयमा प्रयोग गरिएका शैक्षणिक सामाग्रीबाट विषगत रुपमा प्राप्त हुने सिकाई उपलब्धिको अवस्थालाई अध्ययन गर्दा यस्तो अवस्था पाइयो ।

**तालिका आठ : विषयगत शैक्षणिक सामाग्रीमा सिकाई उपलब्धि**

| विषयगत सि.उ. / विद्यालय | भाषा ( अङग्रेजी नेपाली) | गणित | विज्ञान | सामाजिक |
|---|---|---|---|---|
| जनता मा. वि | ४६% | ४१ % | ४५% | ५६ % |
| कविर मा. वि. | ४९ % | ४४% | ५१ % | ५९ % |
| महेन्द्र मा. वि. | ४५ % | ४२ % | ५० % | ५८ % |
| जम्मा औसत | ४६.६६ % | ४२.३३ % | ४८.६६ % | ५७.६६ % |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका आठ लाई विश्लेषण गर्दा विषयगत सामाग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरुको सिकाई उपलब्धिको अवस्था ४६.६६प्रतिशत भाषा विषय, ४२.३३ गणित ,४८.६६ विज्ञान र ४७.६६ सामाजिक विषयमा औसत अङ्क प्राप्त गरेको देखिन्छ , यसैगरी विद्यालयगत पनि हेर्न सकिन्छ। त्यसैले कक्षा शिक्षणलाई प्रभावकारी वनाउन शैक्षणिक सामाग्रीको भूमिका अहम् हुन्छ भन्ने तथ्यलाई परिभाषित गरिएको छ ।

## ४.२.२ तहगत सिकाई उपलब्धिमा शैक्षणिक सामाग्री

विद्यालय शिक्षामा प्राथमिक कक्षा (१देखि ५) निम्न माध्यमिक कक्षा(६ देखि ८ ) र माध्यमिक कक्षा (९देखि१०) रहेको छ । शिक्षण सिकाईमा प्रयोग गरिने शैक्षिक सामाग्रीले तहगत रुपमा प्रभाव पार्दछ । नमूना छनौटमा परेका विद्यालयमा उपलब्ध शैक्षणिक सामाग्रीलाई प्रयोग गरी शिक्षण गरिदा तहगत रुपमा त्यसको प्रभाव कस्तो परेको रहेछ भनी गरिएको खोज तथा अनुसन्धानबाट प्राप्त विवरणलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नौं : तहगत शैक्षणिक सामाग्रीमा सिकाई उपलब्धि**

| तहगत / सि.उ. / विद्यालय | प्राथमिक तह ( कक्षा १ देखि ५) | निम्नमाध्यमिक तह (कक्षा ६ देखि ८) | माध्यमिक तह ( कक्षा ९ देखी १०) |
|---|---|---|---|
| जनता मा. वि | ६६% | ५६ % | ४६% |
| कविर मा. वि. | ७० % | ६९% | ४७ % |
| महेन्द्र मा. वि. | ६९ % | ५७% | ४७ % |
| जम्मा औसत | ४६.६६ % | ४२.३३ % | ४८.६६ % |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका ८लाई विश्लेषण गर्दा विद्यालयहरुको सिकाई उपलब्धिमा शैक्षणिक सामाग्री सहयोगी बनेको देखिन्छ । खासगरी तहगत रुपमा ३वटै विद्यालयको औषत सिकाई उपलब्धि गणना गर्दा प्राप्त विवरणलाई तालिकाको रुपमा प्रस्तुत गर्दा प्राथमिक तहमा ६६ देखि ७०

प्रतिशत सम्म निमा तर्फ ५६ देखि ५९ प्रतिशतसम्म त्यसैगरी माध्यमिक तहमा ४६ देखि ४७ प्रतिशत सम्म सिकाई उपलब्धि प्राप्त भएको विवरण देखाइएको छ । यसले सिकाई उपलब्धिमा शैक्षणिक सामाग्री सहयोगी बनेको स्पष्ट हुन्छ अझ माध्यमिक तहमा भन्दा प्राथमिक तहमा शैक्षणिक सामाग्रीको प्रभाव राम्रो परेको देखिन्छ किनकि प्राविमा ७० प्रतिशतसम्म सिकाई उपलब्धि प्राप्त भएको छ भने त्यसको तुलनामा माध्यमिक तहमा ४७ प्रतिशत सम्म देखिन्छ । त्यसैले जति बढि शैक्षणिक सामाग्रीको प्रयोग सहित शिक्षण गर्‍यो त्यतिनै सि.उ. बढ्ने निश्चित छ ।

## ४.३ शैक्षणिक सामाग्रीको प्रयोग तथा व्यवस्थापनमा देखिएका समस्या

शिक्षण सिकाईलाई प्रभावकारी र उदेश्य मुलक बनाउन प्रयोग गरीने शैक्षणिक सामाग्रीको स्थान महत्वपूर्ण ठानिन्छ । विद्यालय शिक्षणमा प्रयोग गरिने आधारभुत र सहायक शैक्षणिक सामाग्रीको प्रयोग (पौडेल,२०६३) र व्यवस्थापनमा नमूना छनौटमा विद्यालयमा देखिएका समस्याहरु निम्नानुसारको उपशिर्षकमा विभाजन गरी प्रस्तुत गरीएको छ

### ४.३.१ शैक्षणिक सामाग्री प्रयोगमा हेलचेक्राई

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारबाट प्राप्त अनुदानबाट पारिश्रमिक तथा अन्य सेवा सुविधा प्रदान गरिन्छ । त्यसैले कक्षाकोठा शिक्षणमा उनिहरुको काम ,काम चलाउ प्रकृतिको मात्र हुन्छ । त्यसैले शैक्षणिक सामाग्री प्रयोग सहित शिक्षणमा हेलचेक्राई हुने गरेको तथ्यलाई प्राप्त सूचनालाई तालिकामा प्रस्तुत गर्दा

**तालिका दश : शैक्षणिक सामाग्रीको प्रयोगमा हेलचेक्राई**

| विवरण / विद्यालय | शिक्षकको शिक्षणभार | अभिभावकको चेतना स्तर | वि.व्य.सका पदाधिकारीको अनुगमन | प्र.अ.को निरीक्षण |
|---|---|---|---|---|
| जनता मा. वि | २४ देखि २७ सम्म | ) कमजोर<br>) सुकुम्बासी बस्ती | ) वैठकमा मात्र उपस्थिती<br>) शासन गर्ने ध्येयका साथ | ) कहिलेकाही<br>) आवश्यकता अनुसार |
| कविर | २३ देखि | ) दैनिक ज्यालादारी काम गर्ने | ) वैठकमा मात्र उपस्थिती | ) आवश्यकता |

| | | | | |
|---|---|---|---|---|
| मा. वि. | २५ सम्म | ) कमजोर आर्थिक अवस्था | ) शासन गर्ने ध्येयका साथ | अनुसार<br>) हेर्ने मात्र |
| महेन्द्र मा. वि. | २५ देखि २६ सम्म | ) खेती किसानीका छोराछोरी<br>) खोलामा गिट्टवालुवा झिक्ने | ) वैठकमा मात्र उपस्थिती<br>) शासन गर्ने ध्येयका साथ | ) हेर्ने मात्र<br>) कहिलेकाही |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

*नोट : विवरण औसतमा प्रस्तुत गरीएको छ ।*

माथिको तालिकालाई विश्लेषण गर्दा शैक्षणिक सामाग्री प्रयोगमा विद्यालयका सरोकारवाला पक्षहरुको चासो कम रहेको देखिन्छ । खासगरी शिक्षकको साप्ताहिक कार्यभार नै बढि रहनाले चाहेजति शैक्षणिक सामाग्री सहितको शिक्षण हुन नसकेको देखिन्छ भने विद्यालयको प्र.अ. पनि कार्यभार घटाई वा वैकल्पिक व्यवस्था गरेर शैक्षणिक सामाग्रीको प्रयोग सहित शिक्षण गर्ने शिक्षकलाई प्रोत्साहन गर्न पट्टि लागेको देखिदैन । वि.व्य.सका  पदाधिकारी त शैक्षणिक चासो भन्दा पनि आफ्नो अभिष्ट पूरा गर्न विद्यालय आएको व्यवहार देखाउछन् । त्यसैले पनि समस्या परेको स्पष्ट हुन्छ ।

## ४.३.२ विद्यालयको भौतिक अवस्थामा कमजोरी

शिक्षणको लागि विद्यालयको भौतिक अवस्था कस्तो हुन पर्दछ भन्ने विषयमा शिक्षा ऐन तथा नियमावलिमा स्पष्ट व्यवस्था गरिएको छ । नमुना छनौटका विद्यालयमा देखिएका भौतिक अवस्थाले कक्षा कोठा भित्र शैक्षणिक सामाग्री सहित शिक्षण गर्न , प्रयोग पछि त्यसको उचित व्यवस्थापन गर्न समेत कठिनाई उत्पन्न भएको पाइएको छ । अनुसन्धानका साधनबाट सङ्कलित सुचनालाई आधार मानी निम्नानुसार तालिकामा उक्त विवरणलाई प्रस्तुत गरीएको छ ।

**तालिका एघार : विद्यालयको भौतिक अवस्था कमजोरी**

| विवरण. / विद्यालय | पक्कि | अर्धपक्कि | कामचलाउ मात्र |
|---|---|---|---|
| जनता मा. वि | १ (६ कोठा) | २ (६ कोठा) | १ ( स्टोर) |
| कविर मा. वि. | १ (४कोठा) | २ (४ कोठा) | १ ( स्टोर) |
| महेन्द्र मा. वि. | १ (६ कोठा) | २ (४ कोठा) | १ ( स्टोर) |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालीकालाई विश्लेषण गर्दा विद्यालयमा सञ्चालित कक्षाहरु सचांलन गर्न नै कठिनाई भइरहेको अवस्थामा शैक्षणिक सामाग्रीको उचित भण्डारण , व्यवस्थापनमा कठिनाई उत्पन्न हुने सम्भावना देखिन्छ । खास गरी मावि कक्षा संचालन भइरहेको विद्यालयमा शैक्षणिक सामाग्री विषयगत कक्षा गत रुपमा समेत व्यवस्थापन हुनपर्ने हुन्छ । स्कीनर (१९४३) को व्यवहार वाणी सिकाई सिद्धान्तमा उल्लेख भएका जस्तो स साना नानीहरुलाई व्यवहारिक शिक्षा प्रदान गर्न पनि शैक्षणिक सामाग्रीका अहम् भूमिका रहने गर्दछ । त्यसका लागी भण्डारण महत्वपूर्ण पक्ष हो । अतहः विद्यालयको भौतिक अवस्थाको अभावले शैक्षिक सामाग्रीको प्रयोग र व्यवस्थापनमा समस्या उत्पन्न भएको देखिन्छ ।

## ४.३.३ शैक्षणिक सामाग्रीको प्रयोग हुन नसक्नुका कारण

शिक्षण सिकाईमा शैक्षणिक सामाग्रीको प्रयोगको प्रभावकारिता विभिन्न कामबाट हुन सक्दछ । विद्यालयमा शैक्षणिक सामाग्रीको प्रभावकारी प्रयोग गर्न नसक्नुको कारण समस्याको सर्न्दभमा नमूना छनौटमा परेका विद्यालय र नमुना जनसङ्यामा प्रयोग गरिएका अनुसन्धानका साधनबाट प्राप्त तथ्याङकलाई तालिकीकरण गरीएको छ ।

**तालिका बाह्र : शैक्षिक सामाग्रीको प्रयोग हुन नसक्ने कारण**

| विवरण / क्र.स. | असरपार्ने तत्व | प्र.अ. | शिक्षक | अभिभावक | विद्यार्थी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | शैक्षिक सामाग्रीको अभाव | | २ | | ५ | ८ | ४४ % |
| २. | शिक्षक तालिकाको अभाव | | २ | १ | ३ | ७ | ३८ % |
| ३. | घरायसी वातावरण | १ | २ | १ | ६ | ११ | ६१ % |
| ४. | विद्यालयको वातावरण | १ | ३ | १ | ५ | १० | ५५ % |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकालाई विश्लेषण गर्दा विद्यालयको कक्षा कोठामा शैक्षणिक सामाग्रीको प्रयोग हुन नसक्नुका कारण वा समस्याहरुमा शैक्षणिक सामाग्रीको अभाव सामाग्री प्रयोगमा शिक्षक तालिमको अभाव वातावरण जस्तो कारण रहेका छन जहाँ सबैभन्दा बढि ६१ प्रतिशत घरायसी वातावरण र कम शिक्षक तालिमको अभाब ४४ प्रतिशतदेखिएको छ। यसले गर्दा स्किनरको व्यवहारबाणी सिकाई सिद्धान्तलाई एक पटक सम्झना गराएको छ। जहाँ परिश्रम र मेहेनत पछि आदत वा बानीको निमार्ण गर्न सकिने धारणा छ। तर नमूना छनौटमा परेका विद्यालयमा शैक्षणिक सामाग्रीहरुको प्रयोगमा समस्या रहेको तथ्याङ्क प्राप्त भएको छ। यसले गर्दा विद्यालयमा सामाग्रीको प्रयोग प्रभावकरी हुन नसकेको स्पष्ट हुन्छ।

## ४.४ शैक्षिक सामग्रीको प्रयोग बढाउने उपायहरू

**तालीका : तेह्र : शैक्षिक सामग्रीको प्रयोग बढाउने उपायहरू**

| क्र.सं. | असर पार्ने तत्त्वहरू | प्र.अ. | शिक्षक | वि.व्य.स. | अभिभावक | विद्यार्थी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बन्द हडताल | २ | १ | १ | १ | ६ | ११ |
| २ | शैक्षिक सामग्री निर्माण र संकलन | १ | २ | २ | २ | ५ | १२ |
| ३ | बजेट | १ | ३ | १ | - | ३ | ८ |

*स्रोत : स्थलगत अध्ययन, २०७२*

प्रस्तुत तालिकामा शैक्षिक सामग्रीको प्रयोग बढाउने उपायहरूलाई बन्द हडताल अन्तर्गत प्र.अ. २, शिक्षक १, वि.व्य.स. १ अभिभावक १ र विद्यार्थी ६ गरी जम्मा ११ गरी ६१%, शैक्षिक सामग्री निर्माण र संकलन अन्तर्गत प्र.अ. १, शिक्षक २, वि.व्य.स. २, अभिभावक २ र विद्यार्थी ५ गरी जम्मा १२ गरी ६६.६७% र बजेट अन्तर्गत प्र.अ. १, शिक्षक ३, वि.व्य.स. १ र विद्यार्थी ३ गरी जम्मा ८ गरी ४४% देखिएको छ । यसरी शैक्षिक सामग्रीको प्रयोग बढाउने उपायहरूमा शैक्षिक सामग्रीको निर्माण र संकलनको बढी भूमिका रहेको देखिन्छ ।

शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरू बन्द हडताल, शैक्षिक सामग्री निर्माण र संकलन र बजेटले शिक्षण कार्यमा असर पार्दछन् । शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरूलाई निराकरण गर्न सकेमा शिक्षण सिकाई चिरस्थायी हुन्छ ।

## ४.५ प्राप्ति

यस अध्ययनको तथ्याङ्क संकलन गर्ने क्रममा नमूना छनौट भएका विद्यालयहरूमा तथ्याङ्क संकलन गर्न स्थलगत रूपमा जाँदा शैक्षिक सामग्रीको प्रयोगले सिकाइ उपलब्धिमा पारेको प्रभाव बारे तिनीहरूको विश्लेषणबाट प्राप्त भएका प्राप्तिहरूलाई अनुच्छेदमा उल्लेख गरिएको छ । शैक्षिक सामग्री उपलब्धताको लागि विद्यालयले पहल गरेतापनि सम्बन्धित निकायले समयमा सहजरूपमा उपलब्ध गराउने व्यवस्था न्यून रहेको पाइएको छ । जसको कारणले गर्दा शिक्षण कार्य असहज हुने पाइएको छ । शैक्षिक सामग्री भण्डारण गर्ने छुट्टै कोठाको व्यवस्था नभएको र भएका सामग्रीहरू दराजमा नै राख्ने व्यवस्था भएको पाइएको छ । शिक्षा प्रणालीलाई सफल पार्न र सिकाइलाई व्यवहारीक बनाउने हैसियतले स्थानीय पाठ्यक्रम निर्माण र सामग्री निर्माणका लागि तालिमको व्यवस्था भएको पाइएको छ ।

शैक्षिक सामग्रीको प्रयोगले कक्षा शिक्षण कार्य सहज हुने र सिकाइ कार्य प्रभावकारी हुनका साथै विद्यार्थीहरू नयाँ कुरा सिक्नका लागि उत्सुक्ता हुने पाइएको छ । त्यस्तै शिक्षकलाई पनि शिक्षण कार्यमा सहजता ल्याउन सहयोग पुऱ्याएको पाइयो । विद्यालयमा देखिएका शैक्षिक सामग्रीहरूको समस्यालाई निराकरण गर्नका लागि विषयगत शिक्षकहरूलाई सामग्री निर्माण गर्ने तालिमको उचित व्यवस्था हुनु पर्ने आवश्यक भएका पाइएको छ । यस अध्ययनको लागि सैद्धान्तिक खाका निर्माण गर्दा जहाँ वि.व्य.स., शिक्षक अभिभावक संघ, अभिभावकहरू, शिक्षकहरू र विद्यार्थीहरूमा सौहाद्रता कायम भएमा र तालिम प्राप्त विषयगत शिक्षकहरू उपलव्ध भएमा शैक्षिक उपलव्धि राम्रो हुन्छ भन्ने गरिएको थियो । त्यस्तै एउटा विद्यालयमा काम गर्ने शिक्षकहरूबीच

शारीरिक, सुरक्षात्मक, सामाजिक, स्वाभिमानको र अभिवृद्धिको कुराहरू पूरा गर्न सकेमा गुणस्तरीय शिक्षा प्राप्त गर्नमा सहज हुने थियो । उक्त सिद्धान्तका आधारमा बढाउन सकेमा मात्र राम्रो नतिजा वा उपलब्धि प्राप्त हुन सक्छ । यिनै सिद्धान्तका आधारमा अभिभावक र शिक्षकको आवश्यकता र चाहना बुझेर विद्यालयले सन्तुष्ट राख्न सकेमा उनीहरुको सक्रियता वृद्धि भई शिक्षक व्यवस्थापन गर्न सहयोग पुग्दछ साथै शैक्षिक सामग्रीको वृद्धि भै विद्यालयको शैक्षिक उपलब्धि उच्च हुन सक्छ ।

विद्यालयमा खेल सामग्री लगायत शैक्षिक सामग्रीहरूको उचित व्यवस्थापन एवम् सही ढंगले प्रयोग हुँदै गए विद्यार्थीहरूको सहभागीतामा नियमितता हुने  र विद्यालयको समग्र शैक्षिक प्रगतिमा सुधार पाइएको छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

शिक्षण कार्यलाई प्रभावकारी बनाउन विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउन विद्यालयमा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग बारेमा शिक्षकहरूलाई तालिमको व्यवस्था के कस्तो छ र कक्षा शिक्षणमा शै.सा.को प्रयोगले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भन्नका लागि र शै.सा. प्रयोगमा देखिएका समस्याहरूले सिकाइ उपलब्धिमा के कस्तो असर पारेको छ र ती असर पार्ने तत्त्वहरूका अध्ययनको सन्दर्भमा विभिन्न तथ्याङ्कहरू संकलन गर्ने कार्य सम्पन्न भयो । उक्त तथ्याङ्क संकलन गर्नका लगि स्थलगत रूपमा अध्ययनमा परेका विद्यालयहरूमा गएर प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावक र विद्यार्थीहरूसँग आधिकारीक धारणाहरूबाट तथ्याङ्क संकलन गर्ने कार्य र प्रत्यक्ष भेटवार्ताबाट शैक्षिक सामाग्री उपलब्धताबारे तथ्याङ्क संकलनका लागि प्रश्नावली तयार गरी कार्य सम्पन्न भएको थियो ।

## ५.१ निष्कर्ष

मोरङ जिल्ला कोसीहरैंचा नगरपालिका आसपासका विद्यालयहरू मध्ये ३ ओटा विद्यालयहरूलाई नमूना छनोट गरी शैक्षिक सामग्रीको निर्माण, प्रयोग, संकलन तथा व्यवस्थापन गरी प्रयोगको प्रभावकारीताबारे अध्ययन गरिएको थियो ।

मानव विकासका लागि सबैभन्दा महत्वपूर्ण पक्ष शिक्षा  हो । शिक्षालाई आर्थिक, सामाजिक उन्नती पाउनका लागि आवश्यक जीवन उपयोगी सीप, ज्ञान तथा अनुभव बढाउनका लागि मानिसहरुको सामार्थ्य वृद्धि गर्ने एक शक्तिको रुपमा लिइएको छ । व्यक्ति, समाज र राष्ट्रका लागि शिक्षा सबैभन्दा बढी महत्वपुर्ण प्राथमिकताहरु मध्येको एक हो । तसर्थ, नेपाल जस्तो अल्पविकसित राष्ट्रको मुख्य लक्ष्य नै शैक्षिक विकासको माध्यमबाट गरिबी निवारण रहदै आएको छ र यस तथ्यलाई दातृराष्ट्रहरुबाट पनि लगातार सुदृढिकरण गरिदैँ आएको छ । संसार भरी शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि विभिन्न प्रयासहरु जारी छन् । विश्व अहिले ज्ञान विज्ञानका विष्फोटले  एउटा गाउँमा परिणत भैरहेको अवस्थामा शिक्षा क्षेत्रका नयाँ नयाँ शैक्षिक प्रविधि एवम् विधिहरुको प्रयोग गर्दा विश्वसामु व्यक्तिको वैयक्तिक अधिकार एवम् विद्यार्थीको समावेशी अभियानले मात्र संभव हुनसक्छ । विभिन्न कार्यक्रम, अभियान र योजनाहरु आएतापनि यसका विभिन्न अवरोध तथा सीमाहरु विद्यमान छन् ।

राज्यले सबैका लागि शिक्षा,  निःशुल्क शिक्षा, समाहित शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा जस्ता विभिन्न कार्यक्रम एवम् योजनाहरू ल्याएको छ । यी योजनाहरू ल्याएपनि समयमा पुस्तक,

शिक्षक, निर्देशिका, पाठ्यक्रम, स्वअध्ययन सामग्री समयमा उपलब्ध गराउन सकेको छैन । सर्वसुलभ र समयमा उक्त शै.सा.हरू उपलब्ध गराउन सकेमा शिक्षा गुणस्तरीय र प्रभावकारी हुन जाने हुन्छ । मानव विकासका लागि सबैभन्दा महत्वपूर्ण पक्ष नै शिक्षालाई मानिएको छ । शिक्षालाई आर्थिक, सामाजिक उन्नती पाउनका लागि आवश्यक जीवन उपयोगी सिप, ज्ञान तथा अनुभव बढाउनका लागि मानिसहरूको सामार्थ्य वृद्धि गर्ने एक शक्तिको रुपमा लिइएको छ । व्यक्ति, समाज र राष्ट्रका लागि शिक्षा सबैभन्दा बढी महत्वपूर्ण प्राथमिकताहरू मध्येको एक हो । तसर्थ नेपाल जस्तो अल्पविकसित राष्ट्रको मुख्य लक्ष्य नै शैक्षिक विकास (शिक्षाको पहुँच र गुणस्तरलाई अभिवृद्धि सम्बोधन गरिएको) को माध्यमबाट गरिबी निवारण रहदैं आएका छ र यस तथ्यलाई दातृराष्ट्रहरूलाई पनि लगातार सुदृढिकरण गरिँदै आएको छ । संसार भरि शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि विभिन्न प्रयासहरू जारी छन् । विश्व अहिले ज्ञान विज्ञानको विस्फोटले एउटा गाउँमा परिणत भई रहेको अवस्थामा शिक्षा क्षेत्रका नयाँ नयाँ शैक्षिक प्रविधि एवम् विधिहरूको प्रयोग गर्दा विश्वसामु व्यक्तिको वैयक्तिक अधिकार एवम् विद्यार्थीको समावेशी अभियानले मात्र सम्भव हुन सक्छ । विभिन्न कार्यक्रम, अभियान र योजनाहरू आएता पनि यसका विभिन्न अवरोध तथा सीमाहरू विद्यमान छन् । पुस्तक, शिक्षक निर्देशिका, पाठ्यक्रम, स्वअध्ययन सामग्री मुद्रित एवम अप्रकाशित शैक्षिक सामग्री र ठोस दृश्य एवम् चित्रात्मक सामग्रीको बढीभन्दा बढी प्रयोग गरी तालिम प्राप्त योग्य एवम् अनुभवी शिक्षकको नियुक्ती एवम सिफारिस गरी यी सामग्रीको विषयगत सान्दर्भिकतासँग मेल खाने गरी शिक्षण गरेमा त्यस विषयसँग सम्बनिधत ज्ञान, सीप एवम धारणामा अभिवृद्धि हुने कुरामा दुईमत छैन् ।

शैक्षिक सामग्रीको प्रयोग भए विद्यालयमा विद्यार्थीहरूको नियमितता हुनुका साथै शैक्षिक प्रगतिमा समेत राम्रो हुने कुरामा द्विमत छैन । समग्रमा सबै विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको स्रोत र साधनहरूलाई परिचालन हुने गरी समय सान्दार्भिक तालिमको व्यवस्था हुने पाइयो । यस रकम उपपलब्धताले शैक्षिक सामग्री विद्यालय समुदायमा गएपछी विद्यालयमा रकम उपलब्धताले गर्दा उक्त सामग्रीहरू आफै खरीद गरी शै.सा.को प्रयोग गर्ने पक्षमा केही सूधार भएको पाइएको छ । जसको परिणाममा विद्यार्थीहरू नियमित विद्यालयमा आउने, शिक्षकहरूमा दक्षता विकास हुनाका साथै विद्यार्थीहरूले अतिरिक्त क्रियाकलापमा सहभागी हुन उत्सुक हुनु जस्ता राम्रा एवम् सकारात्मक पक्षहरू पाइयो ।

समग्रमा शैक्षिक सामग्रीको पर्याप्त प्रयोग भएमा त्यसबाट शैक्षिक गुणस्तरमा वृद्धि हुनुको साथै शिक्षण प्रभावकारी र दीगो हुने निष्कर्ष निकालियो ।

## ५.२ सुझावहरू

मोरङ जिल्ला कोसीहरैंचा नगरपालिका आसपासका विद्यालयहरू मध्ये ३  वटा सामुदायिक विद्यालयहरूको शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरूलाई निम्न तहमा सुझावहरू प्रस्तुत गरिएको छ :

**विद्यालय वा स्थानिय तहको लागि**

- शैक्षिक सामग्रीको व्यवस्थापनको लागि छुट्टै कोठाको व्यवस्था विद्यालय प्रशासनले गर्नु पर्ने ।
- पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको समयमा नै उपलब्धता जिल्ला शिक्षा कार्यालयले गर्नु पर्ने ।
- स्थानीय स्रोत साधनको परिचालन हुने गरी समय समयमा शैक्षिक सामग्री निर्माण गर्ने तालिमको व्यवस्था स्रोत केन्द्रले गर्नु पर्ने ।
- समय सान्दर्भिक शैक्षिक सामग्रीको प्रदर्शनीको व्यवस्था विद्यालयले गर्नु पर्ने ।
- शैक्षिक सामग्रीको सम्बन्धमा वि.व्य.स. र शिक्षक स्टाफबिच छलफल भइरहनु पर्ने ।
- प्रयोगमा ल्याइसकेका शैक्षिक सामाग्रीलाई पुनः प्रयोगको लागि सुरक्षित भण्डारणको व्यवस्था विद्यालयले गर्नु पर्ने ।
- शैक्षिक सामग्रीलाई खरिद गर्न सम्बन्धित निकायमा माग गर्नुपर्दछ ।
- विषयगत रूपमा देखा परेका समस्याहरूलाई शिक्षकहरू वीच छलफल गरी उक्त समस्यालाई सावधान गर्नुपर्दछ ।
- विद्यार्थीहरुले शैक्षिक सामग्री निर्माणमा सहयोगी भूमिका निर्वाह गर्नु पर्दछ ।
- शैक्षिक सामग्रीको प्रयोगात्मक प्रयोगमा बढीभन्दा बढी प्रयत्न गर्ने उत्कृष्ट अंक ल्याउने विषय शिक्षकलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।
- प्राथमिक तहमा चित्रात्मक मूर्त वा ठोस बस्तुको प्रयोग र सिकाइ उपलब्धि बीचको अन्र्तसम्बन्ध हुनुपर्दछ ।
- विद्यालयले विद्यार्थी तथा सम्बन्धित अभिभावकलाई समय समयमा आकर्षक कार्यक्रमको आयोजना गरी  शैक्षिक सामग्री संकलन तथा प्रयोग गर्ने वातावरण सृजना गर्ने ।

- कम मुल्य वा विनामूल्य र स्थानीय सामग्रीहरुलाई नै प्राथमिकता दिने ।
- सामाजिक परिवेशलाई पहिचान गरी आवश्यकता अनुसार शैक्षिक सामग्री साथै परियोजना कार्यहरुलाई अभिभावक भेला, छिमेकी विद्यालयहरुलाई भेला गराई प्रदर्शनको आयोजना गर्ने ।
- सफा र व्यवस्थित साथै शैक्षणिक सामग्रीयुक्त कक्षाकोठाको व्यवस्था गर्ने ।
- तालिम प्राप्त उत्साही शिक्षक उपयुक्त शैक्षणिक सामग्रीको व्यवस्थापन गरी शिक्षण गरिनु पर्ने ।
- पढेको वा पढाएको कुरा भन्दा देखेको र प्रयोग गरेको कुराहरुबाट छिटो सिक्ने र सिकेका कुरा नविर्सिने भएको सन्दर्भ सामग्री र शैक्षिक सामग्रीको प्रयोगबाट मात्र शिक्षण गरिनु पर्ने ।
- आवश्यक शैक्षणिक सामग्रीको मात्र बढाइ सम्पूर्ण पाठ्यवस्तु र तह समेटिने गरि गुणस्तरिय शिक्षाका लागि पहल गरिनुपर्ने ।
- सन्दर्भ सामग्री र शिक्षण सामग्री प्रयोग गरी शिक्षण गर्दा कक्षा समय अपुग हुने हुँदा यसको व्यवस्थापनको लागि विद्यालयले सहयोगी स्रोत कक्षको व्यवस्था गर्नु पर्ने ।

**नीति निर्माण तहको लागि**

- शिक्षक शिक्षिका नियुक्त गर्दा विषयगत दक्षता भएका शिक्षिका मात्र सम्बन्धित विषयको लागि नियुक्त गरिनु पर्ने ।
- Low cost र No cost का शैक्षणिक सामग्रीलाई सम्बन्धित विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई संकलन, प्रयोग तथा उचित भण्डारण गरिनु पर्ने ।
- विद्यार्थीहरुको स्वावलम्वि भविष्यको लागि project based teaching method को प्रयोग गर्ने ।
- गुणस्तरिय शिक्षाका लागि सफल, उत्कृष्ट र उदाहरणिय विद्यालयहरुलाई सम्मान तथा पुरस्कृत गरिनुपर्ने यस्ता विद्यालयले गरेका कार्यहरुको बारेमा अन्य विद्यालयमा उदाहरणको रुपमा प्रचार प्रसार गर्ने ।
- उचित व्यवस्थापनको लागि सरकारले शैक्षिक विकासमा आर्थिक लगानी बढाउनु पर्ने ।

- शिक्षा विकासका लागि मुख्य जिम्मेवार पक्ष राष्ट्र नै भएकोले राष्ट्रले नीतिगत कार्यहरु तथा पाठ्यक्रम निर्माण गर्दा कार्यन्वयन तह र स्थानीय तहबाट आवश्यक परामर्श लिइ नीति तथा पाठ्यक्रम तयार गरी स्थानीय तहमा जिम्मेवारी दिइनु पर्ने ।
- शिक्षा मन्त्रालय, शिक्षा विकाश विभाग र पाठ्यक्रम तथा पाठ्यपुस्तक विभागको संयुक्त प्रयासमा पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देशिका समयमानै विद्यालयमा उपलब्ध गराउनु पर्ने ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तक वितरण केन्द्रको क्षेत्रिय शिक्षा तथा जिल्ला शिक्षा कार्यलयसँग समन्वय गरी समयनै शिक्षण तालिम, साथै आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने ।
- समय समयमा अनुगमन गरी उपलब्धताको परिक्षण गरिनु पर्ने ।
- आवश्यक र स्थानीय प्रकारका सामाग्रीहरु जस्तै ग्लोव, चार्ट, कम्प्युटर आदिलाई समयमानै उपलब्ध गराइनु पर्ने ।
- निरन्तर मूल्याङ्कन प्रणालीलाई औपचारिकतामा मात्र सिमित नराखी व्यवहारिकतामा प्रयोग गर्ने
- सरकारी निकायबाट कार्यक्रमहरु ल्याउदा नीति निर्माण तहमा स्थानिय तहलाई पनि समावेश गरिनु पर्ने वा सङ्गठन तथा वि.व्य.स.लाई समेत संलग्न गराई कार्यक्रम तय गरिनु पर्ने ।
- स्थानिय स्तरमा उपलब्ध सामग्रीहरुको संकलन तथा भण्डारण शिक्षक र विद्यार्थी स्वयंले गर्ने र सम्बन्धित विद्यालयले सहजिकरण गरिदिने ।
- विनामूल्य वा कम मूल्य को सिद्धान्तलाई उपभोग गर्दैं घर घरमा भएको गणितलाई प्रयोग गर्ने ।
- आफ्नो गाँउ आफै बनाउ अभियान अन्तरगत विद्यार्थी स्वयंलाई संलग्न गराइ संकलन प्रयोग तथा भण्डारण गरिनु पर्ने ।
- विद्यार्थी स्वयं जिम्मेवार भएर संकलन तथा प्रयोग गरिएको शैक्षिणिक सामग्रीमा पाठको प्रभावकारिता बढी आउने निष्कर्ष निकालिएको हुँदा जिम्मेवारी र सम्बन्धित सम्पूर्ण पक्ष एकजुट हुनुपर्ने ।

# सन्दर्भ सामग्रीहरू

अधिकारी, तोयानाथ (२०६७), *शिक्षाको परिचय,* विराटनगर : आठराई प्रकाशन ।

अधिकारी, तोयानाथ (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौ : आठराई प्रकाशन ।

कोइराला विश्वनाथ (२०६४), *जनताको प्रविधि र कक्षाको प्रविधि,* शिक्षामा वैकल्पिक चिन्तन, काठमाण्डौं ।

निउरे, ध्रुवप्रसाद (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौ : हिमाल प्रेस सेन्टर ।

रेग्मी, मुरारीप्रसाद तथा साथीहरू, (२०६७) *कक्षा कोठामा मनोविज्ञान,* सनलाइट पब्लिकेशसन ( स्टुडेन्टस बुकस) किर्तिपुर, काठमाण्डौं ।

शर्मा गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाण्डौं ।

शिक्षा मन्त्रालय (२०५५), *उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग,* काठमाण्डौं : लेखक ।

शिक्षक मासिक (२०७०), *शिक्षक मासिक पत्रिका,* वर्ष, २०७०,

शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन (२०५८), *विद्यालय शिक्षाको प्रस्ताविक कार्यनिति र कार्ययोजनाको अवधारणा,* काठमाण्डौं ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०५९), *विकासका निम्ति शिक्षा,* त्रिपुरेश्वर, काठमाण्डौं ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०६०), *विकासका निम्ति शिक्षा,* त्रिपुरेश्वर, काठमाण्डौं ।

सापकोटा रमाकान्त (२०६२), *शिक्षण प्रविधि र नवप्रवर्तनलाई कक्षामा भित्र्याउने प्रस्ताव,* वाल्मीकी स्मारीका वाल्मीकी शिक्षा सदन, भरतपुर, चितवन ।

हाडा भुपेन्द्र (२०५९), *"गुणस्तरीय शिक्षण" विकासका निमती शिक्षा,* किर्तिपुर, काठमाण्डौं ।

# कक्षा शिक्षणमा शैक्षणिक सामाग्रीको प्रभाव

## अनुसूची १

**शैक्षिक सामग्रीको अवस्था पहिचान गर्न प्र.अ.हरूका लागि सोधिएको अर्न्तवार्ता प्रश्नावली :**

नामः पदः

विद्यालयः

१. तपाईको विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता कस्तो छ ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

२. शैक्षिक सामग्री खरीद गर्न रकम कहाँबाट उपलब्ध गराउनु भएको छ ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

३. शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरू के के हुन् ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

१. तपाइको विद्यालयमा शै.सा.को अवस्था कस्तो छ ?

क) पर्याप्त छैन ख) पर्याप्त छ ग) ठीकै छ

२. शैक्षिक सामग्रीको प्रयोगले सिकाइ कस्तो हुन्छ ?

क) दीर्घकालीन ख) अल्पकालीन ग) दुवै होइन

३. शैक्षिक सामग्री छनौटमा तलका मध्ये कुनलाई प्राथमिकता दिने गर्नु भएको छ ?

क) बजारबाट खरीद गरेको ख) शिक्षक निर्मित ग) शिक्षक विद्यार्थी नीर्मित

४. शै.सा. संकलनमा तलका मध्ये कसकसलाई परिचालित गर्नु भएको छ ?

क) विद्यार्थी ख) शिक्षक ग) दुवैलाई

५. के शिक्षक तालिममा सिकेका कुरा सदुपयोगमा ल्याइएको छ ?

क) छ ख) छैन ग) अनिश्चित

६. स्थानीय स्रोत साधनबाट सामग्री निर्माण गर्ने व्यवस्था छ ?

क) छ ख) छैन ग) अनिश्चित

७. शैक्षिक सामग्री निर्माण गर्न वि.व्य.स.को पहल छ ?

क) छ ख) छैन ग) कहिले हुदैन

# कक्षा शिक्षणमा शैक्षणिक सामाग्रीको प्रभाव

## अनुसूची २

**शिक्षकहरुका लागि सोधिएको अर्न्तवार्ता निर्देशिका :**

**शिक्षकको नामः** **पदः**

**विद्यालयः**

१. शैक्षिक सामग्रीको प्रयोग गर्दा र नगर्दाको शिक्षणमा के फरक पाउनु भएको छ ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

२. शैक्षिक सामग्री निर्माण गर्दा देखिएका समस्याहरू के के हुन् ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

३. शैक्षिक सामग्री प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

१. शैक्षिक सामग्री निर्माणको तालिममा सिकेका कुराको अनुगमन हुने व्यवस्था छ ?

क) छ ख) छैन ग) थाहै छैन

२. शैक्षिक सामग्री भण्डारण गर्ने व्यवस्था छ ?

क) छ ख) छैन ग) अनिश्चित

३. शिक्षण गर्दा आवश्यक पर्ने शैक्षिक सामग्रीहरू विद्यालयले उपलब्ध गराएको छ ?

क) छ ख) छैन ग) आवश्यकता नै छैन

४. शैक्षिक सामग्री निर्माणमा विद्यार्थीहरूलाई पनि सहभागी गराउनु भएको छ ?

क) छ ख) छैन ग) आवश्यक परेमा मात्र

५. तपाई कस्ता शैक्षिक सामग्रीलाई प्रोत्साहन दिनुहुन्छ ?

क) सस्तो ख) महँगो ग) स्थानीय शै.सा.

६. विषय अनुसारका शै.सा. उपलब्ध छन् ?

क) छ ख) छैन ग) जरुरत नै छैन्

७. कक्षाकोठामा प्रवेश गरी शिक्षण गर्दा शै.सा.को प्रयोग कत्तिको गर्नुहुन्छ ?

क) थोरै ख) धेरै ग) आवश्यकता अनुसार

# कक्षा शिक्षणमा शैक्षणिक सामाग्रीको प्रभाव

## अनुसूची ३

### वि.व्य.स.का लागि सोधिएका अर्न्तवार्ता निर्देशिका :

**नामः** **पद :**

**विद्यालय :**

१. शैक्षिक सामग्री उपलब्ध गराउनमा ल्याइएका पहलहरू के के हुने छन् ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

२. शैक्षिक सामग्रीको प्रयोगले सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

३. शैक्षिक सामग्री निर्माण र प्रयोगमा के कस्ता समस्याहरू देखा परेका छन् ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

१. विद्यालयमा शैक्षिक सामग्री उपलब्ध गर्नमा तपाइको पहल छ ?

क) छ ख) छैन ग) कम मात्र छ ।

२. शैक्षिक सामग्रीका प्रयोग भएको छ छैन थाहा पाउन कक्षा अवलोकन गर्नु भएको छ ?

क) छ ख) छैन ग) कम मात्र छ ।

३. शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न प्र.अ., शिक्षक एवम् विद्यार्थीलाई उत्प्रेरित गर्न के गर्नु भएको छ ?

क) पुरस्कार दिने गरेको ख) दण्डको व्यवस्था गरेको ग) दुवै छैन

४. शैक्षिक सामग्री निर्माणमा विद्यालयको कति बजेट छुट्टयाउने गर्नु भएको छ ?

क) धेरै ख) थोरै ग) आवश्यकता अनुसार

५. शैक्षिक सामग्रीको प्रयोग सही तरीकाले हुन नसक्नुमा कस्को बढि हात हुन्छ ?

क) शिक्षकको ख) विद्याथीको ग) दुवैको

६. शैक्षिक सामग्री खरीद गर्न सम्बन्धित कार्यालयमा रकम मात्र गर्नु भएको छ ?

क) छ ख) छैन ग) अनिश्चित

७. शैक्षिक सामग्रीको प्रयोगमा नल्याएको अवस्था छ ?

क) छ ख) छैन ग) थाहै छैन

# कक्षा शिक्षणमा शैक्षणिक सामाग्रीको प्रभाव

## अनुसूची ४

### विद्यार्थीहरूका लागि सोधिएका अर्न्तवार्ता निर्देशिका :

**विद्यार्थीको नामः** **पद :**

**विद्यालय :** **कक्षा :**

१. शिक्षकले के के सामनहरू देखाएर पठाउनु हुन्छ ? भन ।

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

२. शिक्षकले सामग्रीहरू देखाएर पठाउँदा ध्यान कत्तिको दिने गर्दछौं ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

३. शैक्षिक सामग्री प्रयोग गरेर पठाउँदा तिमिलाई राम्रो लाग्नुका कारणहरू के के हुन् ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

१. शिक्षकले शैक्षिक सामग्रीको प्रयोग कक्षामा कत्तिको गर्नु भएको छ ?

क) धेरै  ख)  थोरै  ग)  आवश्यकता अनुसार

२. तिमीले शैक्षिक सामग्रीको प्रयोग गर्न कहिले पाएको छ ?

क) छ  ख)  छैन  ग)  कहिले काही मात्र

३. शै.सा. निर्माणमा तिमीले शिक्षकलार्य कत्तिको सहयोग गर्ने गरेको छ ?

क) धेरै  ख)  थोरै  ग)  छैन

४. शैक्षिक सामग्री निर्माणमा तिमिले कत्तिको कठिनाइ भोग्नु परेको छ ?

क) धेरै  ख)  थोरै  ग)  थाहै भएन

५. शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गरेर पढाउँदा कोर्षपुरा भएको छ ?

क) छ  ख)  छैन  ग)  अनिश्चित

६. शिक्षकले पढाउन आउँदा शैक्षिक सामग्री बोकेर ल्याउनु हुन्छ ?

क) हुन्छ  ख)  हुदैन  ग)  थाहा नै भएन

७. शैक्षिक सामग्री निर्माण गर्दा तिमीलाई कस्तो लाग्छ ?

क) दिक्क लाग्छ  ख)  रमाइलो लाग्छ  ग)  कस्तो पनि लाग्दैन

८. शैक्षिक सामग्री निर्माण गर्न तिमीलाई शिक्षकले कहिले कहिले भन्नु हुन्छ ?

क) सधै  ख)  कहिले काँही  ग)  भन्नुभाको नै छैन्

# कक्षा शिक्षणमा शैक्षणिक सामाग्रीको प्रभाव

## अनुसूची ५

### अभिभावकहरुका लागि सोधिएका अन्तर्वार्ता प्रश्नहरू :

**अभिभावकको नामः**

१. शैक्षिक सामग्रीको प्रयोगमा के कस्ता समस्याहरू देखा परेका छन् ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

२. शैक्षिक सामग्रीको प्रयोग र निर्माणमा तपाइले के कस्तो चासो राख्नु भएको छ ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

३. तपाइलाई तपाइको बच्चाले कहिले कहिले शैक्षिक सामग्री खरीद गर्न अनुरोध गर्दछ ?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

घ) ......................................................

१. तपाईका नानीहरूले शैक्षिक सामग्री बनाउने गरेका छन् ?

क) छन्  ख)  छैनन्  ग)  थाहै छैन्

२. शैक्षिक सामग्री निर्माणमा तपाइले कत्तिको समस्या भोग्नु परेको छ ?

क) धेरै  ख)  थोरै  ग)  छैन्

३. तपाइको विचारमा शै.सा. निर्माण गर्दा तलका मध्ये कुन लाई राम्रो मान्नु हुन्छ ?

क) स्थानीयलाई  ख)  बजारबाट खरीद गरेकोलाई  ग)  दुवैलाई

४. तपाइलाई शैक्षिक सामग्री भनेको के हो भन्ने कुरा थाहा छ ?

क) छ  ख)  छैन  ग)  अनिश्चित

५. कक्षाकोठामा शैक्षिक सामग्री लगेर पढाउँदा शिक्षकलाई कत्तिको समस्या परेको जस्तो लाग्छ ?

क) धेरै  ख)  थोरै  ग)  थाहा नै भएन

६. शै.सा. निर्माण र संकलन गर्नका लागि विद्यालयले तपाइलाई खबर गर्ने गरेको छ ?

क) छ  ख)  छैन  ग)  अनिश्चित

७. शैक्षिक सामग्री निर्माणमा तपाइले विद्यालयलाई कस्तो सहयोग गर्नु भएको छ ?

क) आफै खटेर  ख)  पैसा दिएर  ग)  'क' र 'ख' दुवै हो ।